★ बहुलता र विविधताको संयोजन गर्दै धार्मिक, जातीय र सांस्कृतिक विविधतालाई एकीकरण गर्न आवश्यकता ।

★ नेपालमा विद्यमान भाषिक, जातीयता, सामुदायिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रीय एवम् लैंगिक उत्पीडनजन्य विविधता ।

★ एकात्मक राज्यले सदियौंदेखि सम्बोधन गर्न नसकेका विषयहरुलाई सम्बोधन गर्ने चाहना ।

★ राज्यसँग सबै क्षेत्रका जनताको अपनत्व र स्वामित्व तथा सामिप्य स्थापित गर्न ।

★ विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने नेपाली जनताको जातीय, भाषिक र सांस्कृतिक पहिचानको माग ।

★ समानुपातिक प्रतिनिधित्व र सहभागिताको वृद्धिका लागि मौजुदा कमजोर राज्य संरचनालाई बदल्नु पर्ने आवश्यकता महसुस ।

★ समान अधिकारको माग र आर्थिक अवसरको समान पहुँचको मागलाई सम्बोधन गर्न ।

★ केन्द्रीकृत सामन्ती राज्यसत्ताबाट भएको बहु क्षेत्रमा भएको विभेद एवम् शोषणको अन्त्य गर्दै राज्यशक्ति र अधिकारको बाँडफाँड एवम् व्यवस्थापन गर्न ।

★ राज्यबाट प्रदान गरिने सार्वजनिक सेवा तथा सुविधामा समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी स्थापित गर्न आदि ।

**नेपालमा संघीयता निर्माण गरी सफलतापूर्वक कार्यान्वयन गर्न ध्यान दिनुपर्ने कुराहरु**

नेपाललाई नेपालको अन्तरिम संविधान, २०६३ ले नै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गरेको भएता पनि व्यवहारिक रुपमा मुलुक संघीय राष्ट्र भने दोस्रो संविधानसभाद्वारा निर्मित नेपालको संविधान, २०७२ द्वारा नेपाललाई ७ प्रदेश सहितको संघीय मुलुक घोषणा गरे पश्चात भएको हो । संघीयता आफैंमा एउटा जटिल विषय हो । अझ मौजुदा एकात्मक राज्यसत्तालाई संघीयतामा रुपान्तरण गर्नुपर्ने विषय त झन् विवादास्पद एवम् जटिल मानिन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा वर्तमान नेपालको संविधान, २०७२ ले एकात्मक राज्यसत्तालाई संघीयतामा रुपान्तरित गर्न विभिन्न व्यवस्था गरेको पाइन्छ । संघीयताको सन्दर्भमा पेचिलो बन्दै गएको प्रदेश संख्या, नामाकरण एवम् सीमांकन सन्दर्भमा वर्तमान संविधानले नेपाललाई ७ ओटा प्रदेशमा विभाजन गर्दै प्रदेशको सीमांकन सम्बन्धी विषयमा सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्ने व्यवस्था धारा २९५ मा गरिएको पाइन्छ । त्यस्तै गरी सोही धारामा प्रदेशको नामाकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुने समेत उल्लेख गरेको पाइन्छ । यसरी वर्तमान संविधानले संघीयतालाई पूर्णता दिन नसकेको र यसै सन्दर्भमा तराईमा आन्दोलन भई रहेको सन्दर्भमा नेपालमा संघीयता निर्माण गरी सफलतापूर्वक कार्यान्वयन गर्न ध्यान दिनुपर्ने बुँदाहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :-

★ संघीयतालाई विविधतामा एकता र पहिचानको व्यवस्थापन सहित कार्यान्वयन गर्ने सबल, विश्वासिलो र दृढ निश्चयी राजनीतिक नेतृत्व,

★ संघीयतामा कुनै एक पक्ष/प्रदेशले आफ्नो विजय भएको महसुस गरिरहँदा कुनै अर्को पक्षले उपेक्षित भएको महसुस नगर्ने अवस्थाको सिर्जना गर्न विशेष चनाखो हुनुपर्ने,

★ सामाजिक, सांस्कृतिक सद्भाव, मेलमिलाप र धार्मिक सहिष्णुतामा संघीयताले खलल पुर्‍याउन नहुने तर्फको सचेतना र सतर्कता,

★ राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण राख्न अवाश्यक व्यवस्था गर्ने,

★ संघीय इकाई निर्माण र अधिकारको बाँडफाँडमा समझदारी कायम गर्दै अल्पमतको कदर र चाहनाको सम्बोधन गर्नुपर्ने,

★ मुलुकमा विद्यमान अपरिपक्व राजनीतिक संस्कारमा परिमार्जन र सुदृढीकरण गरी लोकतन्त्र र संघीयताको बीचमा सन्तुलन ल्याउनु पर्ने,

★ संघीयतामा नीति निर्माता केन्द्रीय सरकार हो भने कार्यान्वयनकर्ता प्रादेशिक/स्थानीय सरकार हुनुपर्ने हुनाले हरेक तहका सरकारका कार्यकारी बीच असल अन्तरसम्बन्ध स्थापित गर्नुपर्ने विषय,

★ संघीयतालाई आन्तरिक वा बाह्य तवरबाट लादिएको भन्ने कुराको महसुस हुन नदिई जनतामा आफ्नै आवश्यकता र चाहना बमोजिम निर्माण भएको/गरिएको हो भन्ने कुरा महसुस गराउनुपर्ने,

★ विद्यमान संस्था संगठन र नयाँ बीचको द्वन्द्व व्यवस्थापन एवम् संघीयताका बारेमा जनतालाई प्रशिक्षित गर्ने विषय,

★ स्वायत्तता, सहमति र संघीयता अन्योन्याश्रित हुने हुनाले तहगत रुपमा ठालूको सोँच र व्यवहारबाट मुक्त हुनुपर्ने,



Question Bank Nepal

★ संघीयतामा द्वन्द्व समाधान गर्ने सवल, जिम्मेवार र सक्रिय व्यवस्था,

★ सेवा प्रवाहको मापदण्ड तयार गरी सेवामा समता, क्षमता विकास र वृद्धिमा ध्यान पुऱ्याउँदै नागरिकमा असमानता र विभेद छैन भन्ने अनुभूति दिलाउने,

★ संघीयताको सुदृढीकरण र सेवा प्रवाह तथा आर्थिक विकास सँगसँगै जाने विषय भएकाले सेवा प्रवाहको अवस्थामा सुधार र आर्थिक विकासमा जोड दिनुपर्ने,

★ संघीयताको सफल कार्यान्वयनका लागि राज्य संयन्त्रमा राजनीतिकरण भन्दा पेसागत क्षमता, नैतिक मूल्य मान्यता र जवाफदेही पद्दति सुदृढ हुनुपर्दछ,

★ १५. हाम्रो जस्तो अस्थिरताको गर्भबाट जन्मने संघीयतामा राजनीतिक स्थिरता कायम गर्ने विषय समेत संघीयताको सफलतापूर्वक कार्यान्वयनका लागि महत्वपूर्ण हुन आउँछ आदि।

अन्त्यमा संघीयता हामीकहाँ अब बहसको विषय मात्र रहेन किनकी नेपालको संविधान, २०७२ ले नेपाललाई संघीय मुलुकको रुपमा घोषणा गरेको छ। लामो समयदेखि केन्द्रीय शासन प्रणालीका माध्यमबाट सञ्चालित भएको मुलुकमा संघीयताको निर्माण पश्चात असहमति र अस्थिरताको अन्त्य भई मुलुकले दीर्घकालीन रुपमा विकास र निकासको मार्ग पैल्याउने अपेक्षा देशका जनताले गरिरहेका बखत संविधान जारी हुँदाका समय देखि मुलुकमा राजनीतिक विग्रह र द्वन्द्वको सम्भावित अवस्था देखा परेको छ। यस असहज परिस्थितिमा मुलुकमा नागरिकहरु बीचको भाइचारा र सद्भाव बढाउँदै कुनै समूहका माग र असन्तुष्टि राजनीतिक दलहरुले आन्तरिक रुपमै संवैधानिक प्रक्रियाबाटै सम्बोधन गरी राष्ट्रलाई अब विकास र उन्नतिको बाटोमा लैजाने राजनीतिक नेतृत्क र हामी सबै नागरिकको कर्तव्य हो यसो गरेमा मात्र संविधानको सफल कार्यान्वयन संम्भव छ।

**(४) मौलिक हकको महत्व एवम् औचित्यता माथि प्रकाश पार्दै नेपालको संविधान, २०७२ का मूलभूत विशेषताहरू बारेमा चर्चा गर्नुहोस्।**

**मौलिक हकको महत्व एवं औचित्य**

सामान्य अर्थमा नागरिकहरूलाई राज्य विरुद्ध संविधानद्वारा व्यवस्थित, प्रत्याभूत र संरक्षित गरिएका हक अधिकारलाई मौलिक हक भनिन्छ। मौलिक हकहरूलाई संवैधानिक हक भनेर पनि चिन्ने गरिन्छ। मानव अधिकारलाई मौलिक हकको उत्पत्ति विन्दुका रुपमा लिने गरिन्छ। विभिन्न प्रकारका मानव अधिकारहरू र मौलिक स्वतन्त्रताहरू मध्ये कतिपय अधिकार र स्वतन्त्रताहरू मानव जीवनका लागि अत्याधिक महत्वपूर्ण मानिन्छन् र त्यस्ता महत्वपूर्ण अधिकार र स्वतन्त्रताहरूको प्रत्याभूति गर्नका लागि तिनलाई देशको मूल कानुनको रुपमा रहेको संविधानमा मौलिक हकको रुपमा व्यवस्थित गरिएको हुन्छ। समकालीन विश्वमा जुन देशको संविधानमा नागरिकका बढी मौलिक हकहरूको ग्यारेन्टी गरिएको हुन्छ, त्यस मुलुकलाई बढी लोकतान्त्रिक मुलुकमा रुपमा लिइने हुँदा मौलिक हकहरूको महत्व बढ्दै गएको छ। मौलिक हकको महत्व एवम् औचित्यतालाई देहायका बुँदाहरुमा स्पष्ट पार्न सकिन्छ :-

★ कुनै पनि व्यक्तिको प्राकृतिक र नैसर्गिक अधिकारहरूको रक्षा गर्न,

★ मानव अधिकारहरूको संरक्षण र सम्बर्द्धन गर्न,

★ विश्वव्यापी लोकतान्त्रिक मूल्य मान्यताहरूलाई आत्मसात गर्न,

★ राज्य संयन्त्रबाट हुन सक्ने वैयक्तिक स्वतन्त्रता माथिको प्रतिबन्धलाई निस्तेज पार्न,

★ मानव अधिकारहरूको समूहबाट मानव जीवनका लागि बढी नै महत्वपूर्ण अधिकारलाई छुट्याउन,

★ कानुनको शासनको मान्यतालाई व्यवहारमा लागू गर्न,

★ महत्वपूर्ण अधिकार एवं स्वतन्त्रताहरूको उल्लंघनमा प्रभावकारी संवैधानिक उपचार प्रदान गर्न,

★ मुलुकमा सामाजिक, आर्थिक रुपले पछि परेका वा पारिएका वर्गहरूको उत्थान गर्न,

★ नागरिकका हक अधिकारको संरक्षण गर्दै सीमित सरकारको अवधारणालाई मूर्त रुप दिन,

★ निष्पक्ष, स्वतन्त्र एवं सक्षम न्यायपालिको असाधारण अधिकार क्षेत्र मार्फत नागरिक हक अधिकारको हनन भएमा उपचार प्रदान गर्न आदि।

**नेपालको संविधान, २०७२ का मूलभूत विशेषताहरू**

१. लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण
२. लोकतान्त्रिक मूल्य मान्यताहरूको प्रवर्द्धन
३. विभेदको अन्त्य र समानताको प्रत्याभूति
४. संघीय राज्य व्यवस्थाको सुनिश्चितता
५. सामाजिक न्याय र सामाजिक आर्थिक अधिकारको प्रत्याभूति
६. समावेशी शासन प्रणालीको सम्बर्द्धन
७. राष्ट्रियता र राष्ट्रिय स्वाभिमान उचाईमा

Question Bank Nepal

८. समाजवाद उन्मुख राज्यव्यवस्था
९. सामाजिक सुरक्षाको प्रत्याभूति
१०. दिगो शान्तिको आधार निर्माण
११. लैङ्गिक समानताको प्रत्याभूति
१२. प्रगतिशील कार्यान्वियनको व्यवस्था
१३. नागरिकता सम्बन्धी नयाँ व्यवस्था
१४. स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका
१५. प्राकृतिक स्रोत तथा वित्तीय आयोगको व्यवस्था
१६. संविधानमा नै मौलिक कर्तव्यको व्यवस्था
१७. राष्ट्रिय हितका आधारभूत विषयहरू उल्लेख
१८. सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा
१९. राष्ट्रिय महत्वको विषयमा जनमत संग्रहबाट निर्णय गरिने व्यवस्था
२०. अनुसूचीमा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची

(क) लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण:- नेपालको संविधान, २०७२ ले नेपाली जनताको युगौं लामो संघर्ष र बलिदानबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र संस्थागत गरेको छ । जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ताको साँचो अर्थमा प्रत्याभूति, नागरिकका रुपमा गरिमा अभिवृद्धि र जनताको सर्वोच्चताको पुनः पुष्टि गर्ने गणतन्त्र संस्थागत हुनु आफैंमा ऐतिहासिक उपलब्धि हो ।

(ख) राष्ट्रिय हितका आधारभूत विषय उल्लेख :- वर्तमान नेपालको संविधान, २०७२ ले पहिलो पटक धारा ५ मा राष्ट्रिय हितका आधारभूत विषयहरू उल्लेख गरेको पाइन्छ । जसअनुसार सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनता, स्वतन्त्रता, एकता, नेपालीको हक एवं स्वाभिमानको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुने स्पष्ट पारिएको छ । राष्ट्रिय हित प्रतिकूलको आचरण र कार्य कानुन बमोजिम दण्डनीय समेत हुने संविधानमा उल्लेख गरिएको छ ।

(ग) लोकतान्त्रिक मूल्य मान्यताहरूको प्रवर्द्धन :- नेपालको संविधान, २०७२ ले हरेक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गर्नुका साथै विचार र अभिव्यक्ति स्वतन्त्रता लगायत स्वतन्त्रता र समानताका आधारभूत नागरिक हकहरूको प्रत्याभूति गरेको छ । लोकतन्त्रका विश्वव्यापी मूल्य मान्यताहरूलाई आत्मसात् गर्दै व्यक्तिगत स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था, प्रेस कानुनी राज्य, आवधिक निर्वाचन, बालिग मताधिकार, स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र जनतामा निहित सार्वभौमसत्ता जस्ता महत्वपूर्ण विषय पुनः पुष्टि गरेको छ ।

(घ) सबै खालका विभेदको अन्त्य र समानताको प्रत्याभूति :- नेपालको संविधान, २०७२ ले सबै खालका विभेद र उत्पीडनबाट समाजलाई मुक्त गर्दै सबैलाई समान सम्मान बराबरी अधिकार, समान अवसर र बराबरी सुरक्षाको प्रबन्ध गरेको छ । यस संविधानले निर्दिष्ट गरेको बाटोमा अगाडि बढ्दै जान सकेमा समतामूलक र न्यायपूर्ण समाज निर्माणका लागि ढोका खुल्ने कुरामा विश्वस्त हुन सकिन्छ । समतामूलक र न्यायपूर्ण समाजको निर्माणका लागि वर्तमान संविधानले धार्मिक स्वतन्त्रता सहितको धर्मनिरपेक्षता, बहुभाषिक र बहु सांस्कृतिक नीति, सबै खाले सामन्ती र पितृसत्तात्मक उत्पीडनहरूको अन्त्य, जातीय विभेद र छुवाछुतलाई दण्डनीय बनाइने जस्ता विशेष व्यवस्थाहरू गरेको पाइन्छ ।

(ङ) दिगो शान्तिको आधार निर्माण :- नेपालको संविधान, २०७२ को निर्माण प्रक्रिया र यस संविधानमा रहेका अग्रगामी र लोकतान्त्रिक अन्तरवस्तुहरूले मुलुकमा दिगो शान्तिका आधार निर्माण गरेका छन् । यस संविधानले लोकतन्त्रलाई मूलधारका रुपमा स्थापित गर्दै विभिन्न सामाजिक र राजनीतिक द्वन्द्वका कारकहरूको निराकरण गर्दै सबै खाले असहमति, वैमस्य, विरोध, मनमुटाव वा असन्तुष्टिहरूलाई संविधानले निर्दिष्ट गरेको शान्तिपूर्ण र लोकतान्त्रिक माध्यमबाटै समाधान गर्न सकिने आधार तयार गरेको छ ।

(च) सामाजिक न्याय र सामाजिक आर्थिक अधिकारको प्रत्याभूति :- नेपालको संविधान, २०७२ ले नेपालको राजनीतिक इतिहासमा पहिलो पल्ट सामाजिक न्यायको मान्यतालाई व्यापक रुपमा संवैधानिक रुपले सुनिश्चित गरेको छ । यस संविधान मार्फत जनताका नागरिक राजनीतिक अधिकारहरू मात्रै होइन, आर्थिक सामाजिक, सांस्कृतिक अधिकारको पनि प्रत्याभूति गरिएको छ । माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारीमा पहुँच, कोही पनि खाद्यान्नको अभावमा भोकै मर्न नपर्ने गरी खाद्य अधिकार र खाद्य सम्प्रभुता, स्वच्छ वातावरणको हक र आवासमा पहुँच जस्ता विषयहरू यस संविधानका मुख्य विशेषताका रुपमा रहेका छन् ।

Question Bank Nepal

(छ) राज्यको नीतिको प्रगतिशील कार्यान्वयनको व्यवस्था :- नेपालको संविधान, २०७२ ले भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई राज्य सञ्चालनको मार्ग निर्देशनका रुपमा लिँदै तिनीहरूको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरेको छ। जसका लागि ती नीति र कार्यक्रमको कार्यान्वयन प्रतिवेदन नेपाल सरकारले राष्ट्रपति मार्फत प्रत्येक वर्ष संसदमा प्रस्तुत गर्नुपर्ने र संसदले पनि त्यसको अनुगमन गर्न समिति बनाएर काम गर्ने प्रबन्ध गरिएको छ।

(ज) संघीय राज्य व्यवस्थाको सुनिश्चितता :- नेपालको संविधान, २०७२ ले अत्याधिक केन्द्रीकृत राज्यका अधिकार स्थानीय तहसम्मै स्थापित गर्न, स्थानीय तहबाटै जनताको स्वशासनको अभ्यास गर्न र समाजका विविधता र पहिचानलाई राज्यमा प्रतिविम्बित गर्न संघीयतामा जाने विगतको निर्णयलाई आत्मसात गरेको छ। यस संविधानमा नै उल्लेखित अधिकारको अभ्यास गर्ने गरी संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको संघीय संरचनाको प्रबन्ध गरिएको छ। पहिचान र सामर्थ्यका आधारमा बन्ने प्रदेशहरू बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त हुने सुनिश्चित गरिएको छ। संविधानले स्थानीय सरकारहरू आफ्नो स्थानमा सशक्त र प्रभावकारी हुने आधार तयार गरेको छ।

(झ) नागरिकता सम्बन्धी नयाँ व्यवस्था :- नेपालको संविधान, २०७२ मा एकल संघीय नागरिकताको प्रबन्ध गर्दै नागरिकतामा रहेको लैंगिक विभेद अन्त्य गरिएको छ। त्यस्तै गरी गैर आवासीय नेपाली नागरिकता पत्र सम्बन्धी नयाँ व्यवस्था गरिएको छ। जसले गर्दा गैर आवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न उत्साहित गराउने विश्वास लिन सकिन्छ।

(ञ) समावेशी शासन प्रणालीको सम्बर्द्धन :- नेपालको संविधान, २०७२ ले सामन्ती राज्य व्यवस्था र विभेदकारी शासन प्रणालीका कारण राज्यका विभिन्न अंगहरूमा महिला, दलित, सीमान्तकृत, अल्पसंख्यक र अन्य समुदायको न्यायोचित प्रतिनिधित्व हुन नसकेको यथार्थतालाई मनन गर्दै समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात गरेको छ। संविधानमा नै अल्पसंख्यक र सीमान्तकृत समुदायको परिभाषा गर्दै उनीहरुलाई आफ्नो सरोकारका एवं आफूलाई प्रभावित पार्ने नीति निर्माणमा सहभागी हुने, सांस्कृतिक सम्पदा, परम्परागत सीप, भाषा, लिपी र धर्मको संरक्षण गर्ने तथा भूमि र प्राकृतिक स्रोतको उपयोग, राज्यका संरचनामा प्रतिनिधित्व लगायतका विषयमा विशेष व्यवस्था गरिएको छ। त्यति मात्र होइन, संवैधानिक निकायको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको छ।

(ट) सामाजिक सुरक्षाको प्रत्याभूति :- नेपालको संविधान, २०७२ मा जेष्ठ नागरिक, एकल महिला, बालबालिका, श्रमिकहरू, अपाङ्गता भएका व्यक्तिहरू, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक लगायत समाजमा जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि सामाजिक सुरक्षाको प्रबन्ध गरिएको छ। यस संविधानले सामाजिक सुरक्षाको हकलाई मात्र नभई सामाजिक सुरक्षासँग समेत घनिष्ट सम्बन्ध राख्ने जेष्ठ नागरिकको हक, दलितको हक, बालबालिकाको हक, श्रमको हक जस्ता विभिन्न हकलाई मौलिक हकको रुपमा स्वीकारेको छ।

(ठ) समाजवाद उन्मुख राज्य व्यवस्था :- नेपालको संविधान, २०७२ नेपालको भावी गन्तव्य समाजवाद हो भन्ने कुरा स्पष्ट पारेको छ। सामन्तवादका अवशेषहरूको उन्मूलन गर्ने, वैज्ञानिक भूमि सुधार गर्ने, राष्ट्रिय अर्थतन्त्रलाई मजबुत पार्ने, प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने, श्रमजीवि वर्गको हित प्रवर्द्धन गर्ने, र तीन खम्बे अर्थनीतिका आधारमा समाजवादको आधार निर्माण गर्ने कुराको प्रबन्ध गरिएको छ। यस संविधानमार्फत सामन्तवादको अन्त्य हुनु र राष्ट्रको समाजवादी भविष्य तय गरिनु श्रमजीवि जनताको पक्षमा भएको निकै महत्वपूर्ण उपलब्धीको रुपमा लिन सकिन्छ।

(ड) लैङ्गिक समानताको प्रत्याभूति :- नेपालको संविधान, २०७२ ले महिलाका लागि विना विभेद समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक, धर्म, परम्परा वा संस्कारका नाममा गरिने सबै खाले हिंसाजन्य कार्य र शोषण दण्डनीय र राज्य संयन्त्रको सबै निकायमा समानुपातिक सहभागिताको हक सुनिश्चित गरेको छ। यस संविधानमा शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको हक, विवाह, सम्बन्ध विच्छेद र पारिवारिक मामिलामा दम्पत्तिको समान हक जस्ता कुरा स्थापित भएका छन्। राष्ट्रिय महिला आयोगलाई संवैधानिक हैसियत प्रदान गर्दै आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने संवैधानिक प्रबन्ध गरिएको छ।

(ढ) प्राकृतिक श्रोत तथा वित्तीय आयोगको व्यवस्था :- नेपालको संविधान, २०७२ को अनुसूचीहरूमा संघीय,

Question Bank Nepal

प्रादेशिक र स्थानीय सरकारका अधिकारहरूको सूचीको व्यवस्था गर्दै उनीहरूबीच आर्थिक श्रोत साधनको न्यायोचित बाँडफाँड गर्न अधिकार सम्पन्न संवैधानिक निकायको रुपमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगको व्यवस्था गरिएको छ । यस संविधानले प्राकृतिक श्रोतको समन्यायिक वितरणको सिद्धान्तलाई आत्मसात गर्दै एक प्रदेशबाट अर्को प्रदेशमा सेवा वा वस्तुको निर्बाध आवागमनको प्रत्याभूति गरेको छ ।

(ण) नागरिकका मौलिक कर्तव्यको व्यवस्था :- नेपालको संविधान, २०७२ ले नागरिकको अधिकार प्राप्ती मात्रै होइन, कर्तव्य निर्वाह गर्ने प्रवृत्तिको विकास गर्न पनि आवश्यक छ भन्ने मान्यताका आधारमा नागरिकका मौलिक कर्तव्यहरू पनि धारा ४८ मा समावेश गरेको छ । राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, राज्यले चाहेको बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु तथा संविधान र कानुनको पालना गर्नुलाई नेपाली नागरिकका कर्तव्यमा रुपमा उल्लेख गरिएको पाइन्छ ।

**(५) मानव अधिकार भन्नाले के बुझिन्छ ? मानव अधिकारको कार्यान्वयन सन्दर्भमा राज्यको दायित्वबारे उल्लेख गर्दै अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको राष्ट्रिय कानुमा रुपान्तरण कसरी गरिन्छ ? चर्चा गर्नुहोस् ।**

**मानव अधिकारको अर्थ एवम् परिचय**

*"The Basic righs and freedom inherent belonging to a person as a human being."*

मानव अधिकार भन्नाले मानिसले मानिस भएर जन्मना साथ पाएका वा प्रकृतिले नै मानव भएको कारणबाट प्रदान गरेका नैसर्गिक अधिकारहरूलाई बुझिन्छ । भनिन्छ पनि, मानव अधिकार विना मानव भएर रहन संभव हुँदैन । मानव अधिकार एक व्यापक अवधारणा हो, जसलाई प्राकृतिक अधिकार, जन्मसिद्ध अधिकार, आधारभूत अधिकार, मौलिक अधिकार, नैसर्गिक अधिकार, अभेद्य अधिकार आदि जस्ता विभिन्न नामबाट नामाकरण गरिएको पाइन्छ ।

मानव अधिकारलाई संवैधानिक एवं कानूनी अधिकार भन्दा व्यापक अर्थमा लिने गरिन्छ । किनभने सबै मानव अधिकारलाई संविधान तथा कुनै कानूनले समेट्न सक्दैन । संविधान, कानून, अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूले त केवल केही मानव अधिकारहरूलाई संहिताकरण गर्ने, मान्यता दिने र संरक्षण वा प्रत्याभूति दिने कार्य सम्म गर्ने गर्दछन् । मानव अधिकारले मानवीय मूल्य र मान्यतालाई केन्द्रविन्दुको रुपमा लिएको हुन्छ । मानव अधिकार मानव सँगै उत्पत्ति भई मानव जातिको सम्मान वा मर्यादाको जगेर्ना गर्दै निरन्तर विकास भइरहेको छ । मानव अधिकारले व्यक्तिलाई अधिकारको दावी गर्ने हक प्रदान गर्दछ भने त्यसको पूरा गर्ने दायित्व सरकारमा सृजना गर्दछ । त्यसैले कुनै व्यक्ति वा व्यक्ति समूहलाई अधिकारका बाहक (right holder) र सरकार र यसका एजेन्टहरूलाई (duty bearers) पनि भन्ने गरिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६३ को दफा २ (च) मा गरेको परिभाषा अनुसार "मानव अधिकार" भन्नाले "व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि संझौतामा निहित अधिकार सम्झनुपर्छ " ।

सामान्यतया मानव अधिकारको विषय अन्तर्राष्ट्रिय रुपमा सिर्जना हुने र राष्ट्रिय स्तरमा लागू हुने गर्दछ तापनि यसको कार्यान्वयन, रक्षा र उपचारका क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा विभिन्न संयन्त्रहरू क्रियाशिल रहेका पाईन्छ ।

| मानव अधिकारको वर्गीकरण | |
|---|---|
| प्रकृतिको आधारमा | नकारात्मक अधिकार र सकारात्मक अधिकार |
| उत्पत्तिको आधारमा | पहिलो पुस्ता, दोस्रो पुस्ता, तेस्रो पुस्ता र चौथौ पुस्ताको अधिकार |
| स्वरुपको आधारमा | नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| उपभोगको आधारमा | व्यक्तिगत अधिकार सामूहिक अधिकार |

**मानव अधिकारको कार्यान्वयन सम्बन्धमा राज्यको दायित्व**

मानव अधिकारको रक्षा गर्ने दायित्व राज्यको हो । त्यसैले विश्व समुदायले पहिचान गरी मान्यता प्रदान गरेका मानव अधिकारको कार्यान्वयन र संरक्षणको दायित्व पनि राज्यको नै हो । अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएका यस्ता अधिकारहरू राष्ट्रिय कानुनद्वारा संरक्षण नभए सम्म वास्तविक रुपमा कार्यान्वयन र संरक्षण हुन सक्दैनन् ।

अन्तर्राष्ट्रिय समुदाय समक्ष आफूले पनि स्वीकार गरेका मानव अधिकारको संरक्षणमा उपयुक्त कानुन एवं कार्यान्वयनको संयन्त्र निर्माण गर्नु राज्यको दायित्व हुन्छ ।

अन्तर्राष्ट्रिय कानुनले राष्ट्रिय सार्वभौमसत्ताको सिद्धान्तलाई मान्यता दिएको छ । जस अनुसार प्रत्येक राज्य सार्वभौम हुन्छन् र उनीहरूले आफ्नो राज्यमा आफ्नो स्वतन्त्र इच्छाअनुसार कानुन निर्माण गर्न स्वतन्त्र छन् । अर्थात् कुनै अन्तर्राष्ट्रिय संगठन वा अर्को देशले त्यसमा हस्तक्षेप गर्न सक्दैन । त्यसैले जबसम्म राष्ट्रिय कानुनले मानव अधिकारको संरक्षण गर्न सक्दैन तबसम्म वास्तविक अर्थमा मानव अधिकारको संरक्षण हुन सक्दैन । यदि मानव अधिकारको संरक्षण गर्न कुनै पनि राज्य असफल भएमा भने कतिपय अवस्था संयुक्त राष्ट्र संघको बडापत्र अनुसार संयुक्त राष्ट्र संघमा र रोम विधान अनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालत समक्ष जान सकिने अवस्था भने अन्तर्राष्ट्रिय कानुनमा भएको पाइन्छ ।

**अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको राष्ट्रिय कानुनमा रुपान्तर**

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनलाई राष्ट्रिय कानुनमा रुपान्तरण गर्ने सन्दर्भमा देहाय बमोजिम दुई ओटा फरक मत वा सिद्धान्तहरू रहेको पाइन्छ :-

(क) स्वतः मान्य हुने सिद्धान्त (Monism)

(ख) राष्ट्रिय कानुन बनाउने सिद्धान्त (Dualism)

"Moism" सिद्धान्त अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन एकै हुन् । अन्तर्राष्ट्रिय कानुन अनुमोदन गर्ने बित्तिकै सो अनुमोदन गर्ने देशका लागि त्यो देशको कानुन सरह मान्य भई लागू हुन्छ । यसका लागि छुट्टै राष्ट्रिय ऐन कानुन निर्माण गर्न जरुरी हुँदैन । उदाहरणको लागि अमेरिकाको सिनेटले दुई तिहाई बहुमतले अनुमोदन गरेको सन्धी अमेरिकी राष्ट्रिय कानुन सरह मान्य हुन्छ ।

"Dualism" सिद्धान्त अनुसार अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुनलाई नयाँ कानुन बनाएर मात्र राष्ट्रिय कानुनमा रुपान्तरण गर्न सकिन्छ । अर्थात् अनुमोदन गर्दैमा अन्तर्राष्ट्रिय कानुन स्वतः राष्ट्रिय कानुन बन्दैनन् ।

नेपालको सन्दर्भमा भन्नुपर्दा सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपालमा राष्ट्रिय कानुन र नेपालले अनुमोदन गरेका महासन्धि बाझिएमा महासन्धिका व्यवस्था मान्य हुने व्यवस्था छ । राष्ट्रिय कानुनसँग नबाझिएका तर नेपालले अनुमोदन गरेका महासन्धि स्वतः राष्ट्रिय कानुन हुने भनी स्पष्टसँग भने लेखिएको छैन । अतः नेपाल पक्ष भएका वा नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी महासन्धि कार्यान्वयनका लागि राष्ट्रिय कानुनमा व्यवस्था गर्नु अनिवार्य हुन्छ ।

**(६) सार्वजनिक सेवा प्रवाहमा निजामती कर्मचारीको भूमिका कस्तो हुनुपर्ने ठान्नुहुन्छ ? स्पष्ट पार्दै नेपालमा सार्वजनिक सेवा प्रवाहका लागि गरिएका कानुनी तथा संस्थागत व्यवस्था उल्लेख गर्नुहोस् ।**

**सार्वजनिक सेवा प्रवाहमा निजामती कर्मचारीको भूमिका**

मुलुकको स्थायी सरकारको रुपमा रही सार्वजनिक प्रशासन सञ्चालनको जिम्मेवारी पाएको (कर्मचारीतन्त्र) निजामती कर्मचारीहरूले सार्वजनिक सेवा प्रभावकारी रुपमा प्रवाह गर्न सकेमा नै यस सम्बन्धी सरकारका नीति तथा कार्यक्रम सफल हुन सक्ने देखिन्छ । गुणस्तरीय, पारदर्शी, प्रभावकारी सेवा प्रवाहमा प्रमुख जिम्मेवारी सम्हालेका निजामती कर्मचारीको भूमिका निम्न रहेको छ –

★ ठिक समयमा ठिक सेवा लक्षित वर्ग सम्म पुर्‍याउनु जस्तोकी धान लगाउने समयमा कृषकलाई मल-बिउ दिनु उचित हुन्छ तर धान पाक्ने समयमा मल दिनुको कुनै अर्थ हुँदैन ।

★ आम जनताका चाहना तथा आवश्यकताहरू धेरै हुन्छन्, बढी महत्वपूर्ण आवश्यकताहरूको प्राथमिकीकरण गरी सेवा प्रवाह गर्नु पर्दछ ।

★ निष्पक्ष भै सेवा प्रवाह गर्नु पर्दछ (नेतालाइ मात्रै होइन जनतालाई पनि ध्यान दिनु पर्दछ) ।

★ सेवा प्रवाहमा सहकार्य गर्नु (निजी क्षेत्र, सहकारी क्षेत्र, सरोकारवाला जनतासंग) ।

★ Supply Driven आधारमा नभै Demand Driven का आधारमा सेवा प्रवाह गर्ने ।

★ कार्यालयमा राखिएको नागरिक वडापत्र अनुसार प्रभावकारी कार्य संपादन गर्ने ।

★ निमुखा, गरिब, पिछडिएको वर्गमा बढी केन्द्रित रही आर्थिक, सामाजिक एवं कल्याणकारी सेवाको प्रवर्द्धन गर्ने ।

★ सार्वजनिक सेवा प्रवाहमा सुचना प्रविधिको अधिकतम प्रयोग गरी लागत कम गर्ने ।

★ सेवा वितरण प्रभावकारी भए नभएको बारेमा जन गुनासो सुनुवाई कार्यक्रम सञ्चालन गरी प्राप्त पृष्ठपोषणका आधारमा सेवा वितरण गर्ने ।

★ जनताका चाहना र आवश्यकताहरू सरकार समक्ष पुर्‍याउने र सरकारका कार्यक्रम जनतासमक्ष पुर्‍याउने ।

Question Bank Nepal

निजी क्षेत्र, सहकारी क्षेत्रले गर्ने कार्यलाई सहजीकरण गर्ने आदि भूमिका ।

**सार्वजनिक सेवा प्रवाहका लागि गरिएका कानूनी तथा संस्थागत व्यवस्थाहरू**

नेपालमा सार्वजनिक सेवा प्रवाहलाई सहज रुपमा जनताको पहुँचमा पुऱ्याई सर्वसाधारण जनताको हित एवम् सुविधा अभिवृद्धि गर्न निम्नानुसारको कानूनी तथा संस्थागत व्यवस्था गरिएको पाइन्छ :–

(१) **कानूनी व्यवस्था**

- नेपालको संविधान, २०७२ मा मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीतिहरू लगायतको व्यवस्था,
- त्रिवर्षीय अन्तरिम योजनामा नियमित, विकासात्मक र आकस्मिक कार्यक्रम, नीति र क्रियाकलापहरू उल्लेख,
- सुचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५
- उपभोक्ता संरक्षण ऐन, २०५४ र नियमावली,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५ लागू,
- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५
- हेलो सरकार कक्ष निर्देशिका, २०६८ तथा सेवा अभियान निर्देशिका, २०६५
- सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्देशिका, २०६५
- निजामती सेवा ऐन, २०४९ एवम् नियमावली, २०५०
- निजामती कर्मचारीको आचारण सम्वन्धि नियमावली, २०६५
- आर्थिक कार्यविधि ऐन, २०५५ एवम् नियमावली, २०६४
- नेपाल सरकारको कार्यविभाजन नियमावली, २०६९ र कार्यविधिहरू,
- हेलो सरकार कक्ष निर्देशिका, २०६८
- अदालत (सर्वोच्च, पुनरावेदन र जिल्ला अदालतको छुट्टाछुट्टै) प्रयोगकर्ताको वडापत्र, २०६६
- नेपाल सरकारको कार्यसम्पादन नियमावली
- वार्षिक, मासिक प्रतिवेदनहरू सार्वजनिक गर्ने व्यवस्था ।

(२) **संस्थागत व्यवस्था :**

***सरकारी संयन्त्रहरू :***

- नेपाल सरकारका सम्पूर्ण मन्त्रालय, आयोगहरू, संवैधानिक निकायहरू
- विभागहरू तथा क्षेत्रीय कार्यालयहरू
- स्थानीय स्तरका कार्यालयहरू,
- इलाकास्तरीय कार्यालयहरू वा सेवा केन्द्रहरू
- सार्वजनिक संस्थाहरू
- नियमित रुपमा अनुगमन निरीक्षण गर्ने संयन्त्रको व्यवस्था
- नोडल अधिकृत, सूचना अधिकारी तथा प्रवक्ताको व्यवस्था
- गुनासो सुन्ने अधिकारी, उजुरी पेटिका, हेल्प डेक्स, वेव साइट, हट लाईनको व्यवस्था ।

***गैरसरकारी संयन्त्रहरू :***

- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू,
- नागरिक समाज र सामुदायिक संगठनहरू,
- उपभोक्ता समितिको गठनको व्यवस्था
- निजी व्यवसायिक फर्महरू आदि ।

सारांशमा भन्नुपर्दा सरकारी, गैरसरकारी एवम् निजी संघसंस्थाले सर्वसाधारण लाई सेवा, सुविधा, तथा वस्तु उपलब्ध गराउने कार्यलाई नै सार्वजनिक सेवा प्रवाह भनिन्छ । नेपालमा सार्वजनिक सेवा प्रवाह लाई सर्वसाधारण मैत्री एवम् प्रभावकारी बनाउन विभिन्न किसिमका कानूनी तथा संस्थागत व्यवस्थाहरू गरिएको भएता पनि सार्वजनिक सेवा प्रवाह सेवाग्राही मुखी एवम् सहज र सरल पहुँच युक्त बन्न नसकेको गुनासो आइरहेको अवस्थामा यसमा सुधारको लागि माथि उल्लेखित नीतिगत क्षेत्र, संस्थागत र संरचनागत क्षेत्र, कार्यविधिगत र प्रक्रियागत क्षेत्र तथा व्यवहारगत क्षेत्रमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

Question Bank Nepal

**(७) सार्वजनिक प्रशासन र निजी प्रशासनमा के के समानता पाउनुहुन्छ ? उल्लेख गर्दै यी दुई प्रशासनबीचमा रहेका भिन्नताहरू औंल्याउनुहोस् ।**

**सार्वजनिक प्रशासन र निजी प्रशासनमा समानता**

साधन र श्रोतको उचित प्रबन्ध र सोको उपभोग एवं व्यवस्थापनलाई प्रशासन भनिन्छ । प्रशासनलाई मूलतः सार्वजनिक प्रशासन र निजी प्रशासन गरी दुई किसिममा वर्गीकरण गर्ने गरिन्छ । सार्वजनिक निकायहरूद्वारा सार्वजनिक वातावरणमा गरिने हरेक क्रियाकलापहरू सार्वजनिक प्रशासन अन्तर्गत पर्दछन् भने निजी, सामाजिक, गैरसरकारी तथा व्यवसायिक संगठनहरूले उक्त संगठन भित्र र बाहिर गर्ने सम्पूर्ण क्रियाकलापहरू निजी प्रशासन अर्थात् निजी व्यवस्थापन अन्तर्गत पर्दछन् । सार्वजनिक र निजी प्रशासनबीच विभिन्न मान्यताहरू रहँदा रहँदै पनि यी दुईमा केही समानताहरू समेत रहेको पाइन्छ । ती समानताहरूलाई देहायको बुँदामा उल्लेख गर्न सकिन्छ :-

★ सार्वजनिक प्रशासन र निजी प्रशासन प्रशासन रुपी वृक्षका समान दुई सहायक हाँगाका रुपमा रहेका छन् ।

★ POSDCORB जस्ता व्यवस्थापकीय पक्षहरू दुवै प्रशासनिक संयन्त्र हरू सञ्चालन तथा व्यवस्थापनका प्रमुख आधारहरूको रुपमा रहेका हुन्छन् ।

★ Economy, Efficiency, Effectiveness कायम गर्न दुवै प्रशासनिक संयन्त्र हरू निरन्तर प्रयासरत रहन्छन् ।

★ मानव श्रोत, संगठन, कार्यक्षेत्र, अध्ययन एवं अनुसन्धान, खास उद्देश्यहरूको आधारमा संगठनहरूको संरचना एवं कार्यशैली परिवर्तनको अनुकूलन दुवै प्रशासन सञ्चालनका आधारहरू हुन् ।

★ आधुनिक व्यवस्थापका सिद्धान्तका रुपमा अगाडि आएका नयाँ सार्वजनिक व्यवस्थापन (NPM), नयाँ सार्वजनिक सेवा (NPS), सरकारको पुनः आविष्कार एवं उदारीकरण सम्बन्धी सिद्धान्तहरूले सार्वजनिक र निजी क्षेत्रको एकीकरण गर्दै गइरहेको पाइन्छ ।

★ सामाजिक सरोकारका विषयहरूमा समकालीन विश्वमा सार्वजनिक प्रशासनको एकाधिकार नभई यी विषयहरूमां निजी क्षेत्रको पनि चासो र भूमि रहने गरेको पाइन्छ ।

★ Human Relation, Behavioural, System, Ecological लगायतका सिद्धान्तहरू दुवै प्रशासन सञ्चालनका आधारभूत सिद्धान्तहरू हुन् ।

★ 5M+I (Man, Money, Machine, Materials, Methods and Information) दुवै प्रशासनिक संयन्त्रका आधारभूत तथा अपरिहार्य आगतहरू (inputs) हुन् ।

★ दुवै प्रशासनका रणनैतिक व्यवस्थापनका लागि Negotiation, Managerial, Clerical, Accounting and Statistical सीपहरूको प्रयोग अपरिहार्य मानिन्छ ।

★ संगठनमा कार्यरत जनशक्तिको उत्प्रेरणा, मनोबल संगठित हुने अधिकार, गुणात्मक एवं संख्यात्मक रुपमा कार्य सम्पादन, दण्ड र पुरस्कार प्रणालीको प्रयोग जस्ता पक्षहरूमा ध्यान दिई संगठनको उद्देश्य प्राप्ती गर्न दुवै प्रशासनिक संयन्त्रहरू सदैव तल्लीन रहन्छन् ।

★ कर्मचारीतन्त्रको अवधारणा सार्वजनिक प्रशासनको सन्दर्भमा अगाडि आएता पनि वर्तमान समयमा सार्वजनिक मात्र नभई निजी प्रशासन सन्दर्भमा पनि कर्मचारीतन्त्र विकल्प विहिन अवधारणको रुपमा विकास भइरहेको पाइन्छ ।

★ सार्वजनिक कार्यहरूलाई आजको व्यवस्थापकीय दुनियाँमा निजी क्षेत्रको सहकार्य र सहभागितामा क्षेत्रको सहकार्य र सहभागितामा सञ्चालन गर्न सार्वजनिक क्षेत्रले PPP, BOOT, Deregulation, Frenching जस्ता उपकरणहरूको प्रयोग गरी हातेमालो गर्दै अगाडि बढीरहेको पाइन्छ ।

★ निजी व्यवस्थापनमा पर्ने सार्वजनिक व्यवस्थापनका पक्ष अंगीकार गर्ने Corporate Social responsiblity, Ethics and Values जस्ता पक्षहरूमा ध्यान दिन थालिएको पाइन्छ ।

**सार्वजनिक प्रशासन र निजी प्रशासन बीचका भिन्नताहरू**

सार्वजनिक प्रशासन र निजी प्रशासन बीचमा माथि उल्लेखित विभिन्न पक्षहरूमा समानता रहँदा रहँदै पनि यी दुई प्रशासन बीचमा विभिन्न विभिन्नताहरू रहेका छन् । सार्वजनिक प्रशासनको मुख्य उद्देश्य तथा कार्यक्षेत्र कल्याणकारी तथा बृहत् हने भएता पनि निजी क्षेत्रको उद्देश्य र कार्यक्षेत्र नाफा उन्मुखता तथा सीमित कार्याक्षेत्र रहेको हुन्छ । कतिपय सन्दर्भमा साभा

Question Bank Nepal

कार्यक्षेत्र, साझा सरोकारवालाहरू, साझा परिवेशमा कार्यान्वयन गर्ने राज्यका दुई पक्षहरू एवं अपरिहार्य अंगको रुपमा रहेका सार्वजनिक प्रशासन र निजी प्रशासन बीचमा उद्देश्य र कार्यक्षेत्रमा मात्र नभई देहाय बमोजिम विभिन्न विषय सन्दर्भमा भिन्नता रहेको पाइन्छ :-

| सार्वजनिक प्रशासन | भिन्नताको आधार | निजी/व्यवसायिक प्रशासन |
|---|---|---|
| आमनागरिकको हित एवं कल्याण | उद्देश्य | नाफा आर्जन एवम् सीमित हित |
| Womb to Tomb अर्थात् बृहत कायक्षेत्र | कार्यक्षेत्र | सीमित ग्राहक/सेवाग्राही वर्गमा मात्र |
| सार्वभौमसत्ता सम्पन्न जनताहरूमा | अधिकार | सञ्चालन तथा संगठन लगानीकर्ताहरूमा |
| निरन्तर रुपमा चलिरहने | समय सीमा | निश्चित मात्र हुने ( नवीकरण गर्नुपर्ने) |
| आम नागरिक र सार्वजनिक सरोका र वालाहरू | लक्षित वर्ग | सेवा खोज्नेहरू र मूल्य तिर्न सक्ने ग्राहक वर्गहरू |
| सार्वजनिक राजस्व एवम् सार्वजनिक सा धन श्रोत | साधन श्रोत | व्यक्तिगत सम्पत्ति र गैर सार्वजनिक सम्पत्ति |
| नागरिक र उनीहरूको प्रतिनिधिहरू प्रति | उत्तरदायित्व | लगानीकर्ता तथा सञ्चालकहरू प्रति |
| प्रक्रियामुखी ढिलो निर्णय प्रक्रिया | निर्णय प्रक्रिया | नतिजा र उपलब्धीमुखी निर्णय प्रक्रिया |
| पिरामिड, पदसोपान तथा जटिल | संगठन संरचना | भर्चुअल, चेप्टो तथा लचक |
| सबैलाई समान व्यवहार र सकारात्मक विभेद | कार्यशैली | मूल्यको आधारमा व्यवहार अर्थात् उच्च मूल्य उच्च सेवा एवं गुणस्तर |
| स्थायी, निरन्तर तथा सामान्य | कर्मचारी | अस्थायी, Out sovraing तथा विशिष्टीकृत |
| वैधानिक शक्ति हुने तथा Coercive power परिचालन कर्ता | वैधानिक शक्ति | वैधानिक शक्ति नहुने र Coercive power स्वीकार गर्ने |
| आफ्नो कार्यक्षेत्रमा एकाधिकार | प्रतिस्पर्धा | प्रतिस्पार्धा बजारले निर्धारण गर्ने |
| आन्तरिक र बाह्य दुवै पक्षबाट | वित्तीय नियन्त्रण | आन्तरिक र सञ्चालन कर्ताबाट |
| नीति निर्माण राजनीतिले र सोको कार्यान्वयन प्रशासनले गर्नुपर्ने हुँदा सामिप्यता बढी हुने, तटस्थता र प्रतिबद्धताको विषय चुनौतीपूर्ण | राजनैतिक सामिप्यता | राजनैतिक सामिप्यता कम हुने तथा निजी/व्यवसायिक प्रशासनमा राजनैतिक सामिप्यतालाई अनावश्यक ठानिने। |

सार्वजनिक प्रशासन र निजी/व्यवसायिक प्रशासन बीच रहेका माथि उल्लेखित समानता र असमानताहरूले गर्दा यी दुई प्रशासन वर्तमान समयमा पृथक तर परिपूरक प्रशासनका रुपमा विकास हुँदै गइरहेको पाइन्छ । विश्वव्यापीकरण, उदारबाट NPM and NPS, सामाजिक उत्तरदायित्व, नैतिकता एवम् मूल्य मान्यता, बहुस्तरीय शासन जस्ता अवधारणागत पक्षहरूले यी दुई प्रशासन बीचको सामिप्यता एवं परिपूरक सम्बन्धको विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ।

**(८) योग्यता प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्दै वर्तमान संविधानले व्यवस्था गरे अनुसार लोक सेवा आयोगको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकारको चर्चा गर्नुहोस्।**

**योग्यता प्रणालीको अर्थ एवं परिचय**

योग्यता शब्दले कुनै पनि विशेष पद वा जिम्मेवारी बहन गर्नका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता (Acedamic qualification) लाई जनाउँदछ। अर्थात् योग्यता भनेको कुनै पनि पदको लागि नभई नहुने शैक्षिक ज्ञान एवम् दक्षता हो।

★ योग्यता प्रणाली भनेको कुनै पनि सार्वजनिक पदका लागि कर्मचारी नियुक्ति गर्दा विशुद्ध रुपमा Acedamic Qualification को आधारमा गर्ने पद्दति हो।

★ जुन कुनै पनि कामको लागि निश्चित किसिमको दक्षताको आवश्यकता पर्दछ, सोही प्रकृतिको दक्षतायुक्त व्यक्तिको नियुक्तिको लागि न्यूनतम शैक्षिक एवम् व्यवहारिक ज्ञान सीप आवश्यक पर्ने भनी मापदण्ड निर्धारण गरी त्यसैका आधारमा निष्पक्ष एवम् खुला प्रतिस्पर्धाद्वारा योग्य व्यक्तिको छनौटको लागि योग्यता प्रणाली अपनाइन्छ।

★ राजनीतिक नियुक्तिका लागि कुनै प्रकारको योग्यता एवम् दक्षता नचाहिने र राजनीतिक नियुक्ति र नेतृत्व फेरबदल भैरहने हुनाले देशका नागरिकलाई सरकारको उपस्थितिको महसुस गराउने सार्वजनिक प्रशासनको

Question Bank Nepal

प्रकृति भने स्थायी किसिमको हुने भएकोले यस क्षेत्रमा विशेष योग्यता एवम् दक्षता भएका व्यक्तिहरूको आवश्यकता पर्दछ, त्यसैले सार्वजनिक किसिमका जुनसुकै पदका लागि कर्मचारीको छनौट योग्यता प्रणालीका आधारमा गरिन्छ ।

★ राजनीतिक प्रणालीमा इमान्दारिताको सदैव कमी देखिन्छ, त्यसैले योग्यता प्रणालीका आधारमा निष्पक्ष एवम् स्वतन्त्र मूल्यांकनद्वारा ल्याइएको उच्च क्षमतावान कर्मचारीले मात्र प्रभावकारी रुपमा सार्वजनिक रुपमा सेवा प्रवाह गर्न सक्दछन् ।

★ सारांशमा भन्नुपर्दा योग्यता प्रणालीको स्वतन्त्र एवम् निष्पक्ष रुपमा योग्यताको मूल्यांकनद्वारा असल कार्यसंस्कृति एवम् उच्च कार्यसम्पादनको अवस्थाको सिर्जना गर्दछ ।

**लोक सेवा आयोगको गठन**

वर्तमान संविधान, २०७२ को भाग २३ को धारा २४२ मा लोक सेवा आयोगको गठन बारे उल्लेख गरिएको छ । त्यस्तै गरी धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । जस अनुसार नेपालमा एक लोक सेवा आयोग हुने जसमा अध्यक्ष र अन्य चार जना सदस्यहरू रहनेछन् । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछन् । यसका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्य बीस वर्ष १८ सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, कला, साहित्य कानून वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती कमाएका व्यक्तिहरू मध्येवाट नियुक्ति गरिन्छ ।

यस आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने र उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने संवैधानिक व्यवस्था छ । त्यस्तै गरी आयोगको अध्यक्ष र सदस्यलाई संविधानको धारा १०२(१) अनुसार महाअभियोग लगाई सो पदबाट हटाउन सकिन्छ । कुनै व्यक्ति यसको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता चाहिने संवैधानिक व्यवस्था रहेको छ :-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,

(ग) पैंतालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र कायम भएको ।

संविधानमा यस आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुने तथा लोक सेवा आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू नबदलिने उल्लेख छ । तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा भने उल्लेखित व्यवस्था लागू नहुने समेत संविधानमा उल्लेख गरिएको छ ।

**लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार**

वर्तमान संविधानको धारा २४३ मा लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार बारे उल्लेख गरिएको छ । जुन देहाय अनुसार रहेको छ :-

(१) निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "निजामती सेवाको पद" भन्नाले सैनिक वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालको कर्मचारीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी ऐन बमोजिम तोकिएको अन्य सेवाको पद बाहेक नेपाल सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ ।

(२) निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ ।

स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।

(३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा

Question Bank Nepal

अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(४) कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(५) नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन ।

(६) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-

(क) संघीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) संघीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) संघीय निजामती सेवाको पदमा छ महीनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको संघीय निजामती सेवाको पदबाट अर्को प्रकारको संघीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट संघीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट संघीय निजामती सेवाको पदमा वा संघीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) संघीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(७) उपधारा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १५४ बमोजिमको न्याय सेवा आयोगको अधिकार क्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(८) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(९) लोक सेवा आयोगको अन्य काम, कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुनेछ ।

**प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था (धारा २४४):**

(१) प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ ।

(२) प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपधारा (२) को प्रयोजनका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ ।

**(९) मानव स्रोत व्यवस्थापन भन्नाले के बुझिन्छ ? मानव स्रोत व्यवस्थापन र कर्मचारी व्यवस्थापन बीच रहेका भिन्नताहरू औंल्याउनुहोस् ।**

**मानव स्रोत व्यवस्थापन (HRM)**

मानव स्रोत व्यवस्थापन दुईवटा पूर्ण शब्दहरू 'मानव स्रोत' र 'व्यवस्थापन' शब्द मिलेर बनेको छ । तसर्थ मानव स्रोत व्यवस्थापनको बारेमा बुझ्नुभन्दा पहिले 'मानव स्रोत' र 'व्यवस्थापन' शब्दको बारेमा अलग अलग रुपमा बुझ्नु उपयुक्त हुन्छ ।

**Human Resource -** साधारण अर्थमा मानव स्रोत भन्नाले कामसँग सम्बन्धित व्यक्तिहरू भन्ने बुझिन्छ । विस्तृत अर्थमा मानव स्रोत भन्नाले संस्थामा संलग्न रहेका त्यस्ता व्यक्तिहरू जससँग ज्ञान, क्षमता, धारणा, विशेषज्ञता, अनुभव, सम्भाव्यता, तत्परता आदि समेत विद्यमान रहेको हुन्छ, तिनीहरूलाई बुझिन्छ । मानव संसाधन (स्रोत) संगठनको प्रकृति, आकार एवम् आवश्यकता अनुसार विभिन्न तह तथा स्थानमा रहेका हुन्छन् ।

**Management -** व्यवस्थापन एक कला एवम् प्रक्रिया हो, जस अन्तर्गत संगठनात्मक उद्देश्य हासिल गर्नका लागि मानव तथा अन्य स्रोत साधनहरूको साथमा संगठनात्मक क्रियाकलाप प्रभावकारी ढंगले सञ्चालन गरिन्छ । अर्थात् संस्थाको उद्देश्य हासिल गर्नका लागि संगठनमा प्रयोग हुने विभिन्न साधनहरूको प्रभावकारी ढंगले प्रयोग गर्नुलाई व्यवस्थापन भनिन्छ । समग्र व्यवस्थापन प्रक्रिया अन्तर्गत योजना, निर्देशन, व्यवस्था, छनौट तथा नियन्त्रण आदि क्रियाकलापहरू पर्दछन् ।

समग्रमा, भन्दा संगठनात्मक लक्ष्य एवम् उद्देश्य प्राप्तिका लागि संगठनमा उपलब्ध अन्य साधनहरूका साथमा मानिसहरूको सीप, क्षमता र दक्षताको प्रयोग एवम् उपयोग प्रभावकारी तरिकाले गर्नुलाई मानव स्रोत व्यवस्थापन भनिन्छ ।

Question Bank Nepal

अर्को शब्दमा मानव स्रोत व्यवस्थापन भन्नाले कामलाई व्यवस्थित गरी मानिस र अन्य साधनहरूको साथमा मानिसको सीप र दक्षता प्रयोग गरी प्रभावकारी ढंगले संगठनात्मक क्रियाकलाप सञ्चालन गरी निर्धारित लक्ष्य प्राप्त गर्नु भन्ने बुझिन्छ । अन्त्यमा, कुनै पनि संगठनमा कार्यरत जनशक्तिको सक्षमता, गतिशिलता, उत्प्रेरणा तथा प्रभावकारितालाई व्यवस्थित तथा नियोजित रुपमा विकास गर्ने एक निरन्तर व्यवस्थापकीय प्रक्रियाको रुपमा रहने मानव श्रोत व्यवस्थापन संगठनको लक्ष्य प्राप्तिका लागि गरिने एक अनिवार्य शर्त हो भन्न सकिन्छ ।

**HRM & PM बीचमा भिन्नताहरू**

मानव संसाधन व्यवस्थापन कर्मचारी व्यवस्थापनको विकसित रुप हो, जसलाई पहिले कर्मचारी व्यवस्थापन नै भन्ने गरिन्थ्यो । मानव संसाधन व्यवस्थापन कर्मचारी व्यवस्थापनको विकसित रुप भएता पनि कर्मचारी व्यवस्थापन पूर्ण रुपमा मानव संसाधन व्यवथापन भने होइन । मानव संसाधन व्यवस्थापन र कर्मचारी व्यवस्थापन बीचमा रहेका आधारभूत भिन्नताहरूलाई देहाय बमोजिम व्यक्त गर्न सकिन्छ :

| कर्मचारी व्यवस्थापन Personnel Management | भिन्नताको आधार | मानव स्रोत व्यवस्थापन Human Resource Management |
|---|---|---|
| + कर्मचारी व्यवस्थानमा अल्पकालीन सोच रहेको हुन्छ ।<br>+ यसमा प्राय : गरी समस्या आइसकेपछि मात्र त्यसको समाधान गर्ने, निर्णय गर्ने तथा समस्याको व्यवस्थापन गर्ने सोच राखिएको हुन्छ ।<br>+ यो Reactive हुन्छ । | १. समय र योजना (Time and Plan) | + मानव संसाधन व्यवस्थापनमा दीर्घकालीन सोच राखेर समस्या आउनु भन्दा अगाडि नै रणनैतिक योजना निर्माण गरेर समस्याबाट टाढै रहने प्रयास गरिन्छ ।<br>+ यो Proactive हुन्छ । |
| + कर्मचारी व्यवस्थापनमा सूचना एवम् जानकारीको प्रवाह तहगत रुपमा अर्थात् कर्मचारीहरूको तह अनुसार र मातहतका कर्मचारीको नियन्त्रण गर्ने साधनको रुपमा प्रयोग गरिन्छ । | २. सञ्चार (Communication) | + मानव संसाधन व्यवस्थापनमा सूचना एवम् जानकारीको प्रवाह कर्मचारीहरूको तह अनुसार नभई अर्थात् कर्मचारीबीचको भेदभावलाई हटाएर आपसमा विश्वासको वातावरण सिर्जना गरेर गरिने हुनाले प्रभावकारी रुपमा हुन्छ । |
| + कर्मचारी व्यवस्थापनमा श्रम विभाजनका आधारमा कार्य ढाँचा निर्धारण गरिएको हुनछ । | ३. कार्य ढाँचा (Job design) | + मानव स्रोत व्यवस्थापनमा सामूहिक कार्यलाई आधारमा मानेर कार्यढाँचा निश्चित गरिएको हुन्छ । |
| + व्यवस्थापनमा कर्मचारीलाई परिवर्तन भइरहने व्यक्तिको रुपमा लिइने हुनाले संस्थाले कर्मचारी तालिम, विकास तथा वृत्ति विकासलाई आर्थिक भारको रुपमा लिन सक्दछ । | ४. तालिम तथा विकास (Training and Development) | + मानव स्रोत व्यवस्थापनमा कर्मचारीलाई संस्थाको महत्वपूर्ण तथा अत्यावश्यक स्रोतको रुपमा स्वीकार गरिने हुनाले कर्मचारीको तालिम, विकास तथा वृत्ति विकासमा लाग्ने खर्चलाई महत्वपूर्ण पूँजीगत खर्चको रुपमा स्वीकार गरिन्छ । |
| + कर्मचारी व्यवस्थापनमा विशेष गरी सामूहिक मोल मलाई (Collective bargaining) तथा नीति नियमको पालना गर्दै माथिल्लो तहबाट निर्णय गरिन्छ । | ५. निर्णय (Decision) | + मानव संसाधन व्यवस्थापनमा सामूहिक मोलमलाई तथा नीति नियमको पालना गरेर निर्णय गर्नुको साथै निर्णयमा कर्मचारीको सहभागिता, अधिकार विकेन्द्रीकरण, प्रतिस्पर्धात्मक वातावरण आदि विषयहरू समावेश गरिन्छ । |
| + कर्मचारी व्यवस्थापनमा कम लागतमा बढी भन्दा बढी क्रियाकलाप सञ्चालन भए वा नभएको भनेर कार्यसम्पादन मूल्यांकन गरिन्छ । तसर्थ यस अन्तर्गत लागत कम गर्ने गरी व्यवस्थापन गर्ने कुरामा जोड दिइन्छ । | ६. मूल्यांकन (Evaluation) | + मानव संसाधन व्यवस्थापनमा कर्मचारीको परिचालन उत्तम तरिकाले गर्ने बारेमा जोड दिइन्छ । यसअन्तर्गत लागतलाई भन्दा पनि क्रियाकलापको गुणस्तरलाई बढी जोड दिइन्छ । |

Question Bank Nepal

| | | |
|---|---|---|
| + कर्मचारी व्यवस्थापनमा कर्मचारी व्यवस्थापनको भूमिका, कर्मचारीको नियुक्ति, क्षमता वृद्धि, उत्प्रेरणा, कार्यसम्पादन, मूल्यांकन तथा व्यवस्थापनमा रहन्छ। | ७. भूमिका (Role) | + मानव स्रोत व्यवस्थापकको भूमिका, कर्मचारी व्यवस्थापन अन्तर्गत गरिने नियमित कार्यको अलावा संगठनको प्रभावकारिता बढाउने कार्यहरू जस्तै सामूहिक कार्य, कर्मचारीको स्थायित्व तथा कर्मचारीको कटिबद्धता आदि जस्ता विषयहरूमा केन्द्रित रहन्छ। |
| + कर्मचारी व्यवस्थापनले कर्मचारीलाई सन्तुष्ट बनाएर बढी भन्दा बढी काम लिने अर्थात् उत्पादनमा जोड दिन्छ। | ८. प्रतिफल (Output) | + मानव स्रोत व्यवस्थापनले कर्मचारीको स्वतस्फूर्त रुपमा परिचालन तथा स्वनियन्त्रणको वातावरण सिर्जना गरेर कर्मचारी परिचालन गर्ने अर्थात् संगठनमा उत्पादकत्व बढाउने कुरालाई जोड दिन्छ। |
| + कर्मचारी व्यवस्थापनमा कर्मचारीलाई उत्पादन प्रक्रियाको एउटा Input को रुपमा लिइन्छ र कर्मचारी व्यवस्थापन कर्मचारी व्यवस्थापन कर्मचारी विभागसँग मात्र सम्बन्धित हुन्छ। | ९. मान्यता (Assumption) | + मानव स्रोत व्यवस्थापनले कर्मचारीको स्वतस्फूर्त रुपमा परिचालन तथा स्वनियन्त्रणको वातावरण सिर्जना गरेर कर्मचारी परिचालन गर्ने अर्थात् संगठनमा उत्पादकत्व बढाउने कुरालाई जोड दिन्छ। |
| + कर्मचारी व्यवस्थापनलाई पौराणिक धारणाबाट हेरिएको हुन्छ। यसले कर्मचारीमा विद्यमान क्षमतालाई बढी भन्दा बढी प्रयोग गर्ने कुरामा जोड दिएको हुन्छ। | १०. रणनीतिक प्रयोग (Strategic use) | + मानव स्रोत व्यवस्थापनमा कर्मचारी व्यवस्थापनलाई आधुनिक धारणाबाट हेरिएको हुन्छ। यसले कर्मचारीको विद्यमान क्षमताको अधिकतम सदुपयोगको साथै कर्मचारीको रणनैतिक प्रयोगलाई जोड दिएको हुन्छ। |

निष्कर्षमा कर्मचारी व्यवस्थापन एक परम्परागत अवधारणा हो भने मानव स्रोत व्यवस्थापन कर्मचारी व्यवस्थापनको विकसित रुप एवम् आधुनिक अवधारणा हो। कर्मचारी व्यवस्थापनले तहगत प्रणालीमा जोड दिँदै तल्लो तहका कर्मचारीहरूलाई नियन्त्रण गर्नुपर्ने मान्यता राख्दछ भने मानव स्रोत व्यवस्थापनले सम्पूर्ण कर्मचारीलाई समान रुपमा हेर्दै, कर्मचारीलाई संगठनको बहुमूल्य साधनको रुपमा स्वीकार गर्दछ। त्यसैले वर्तमान समयमा कर्मचारी व्यवस्थापनको कार्यक्षेत्रमा कमी हुँदै गई मानव स्रोत व्यवस्थापनको अवधारणाले व्यापकता पाएको छ।

**(१०) विकास भन्नाले के बुझ्नुहुन्छ ? विकासमा महिला सहभागिता न्यून हुनुका कारणहरू औंल्याउदैं देश विकासमा महिला सहभागिताको महत्वमाथी प्रकाश पार्नुहोस्।**

**विकास** – शाब्दिक अर्थमा विकासलाई उन्नति, प्रगति वा परिवर्तन भन्न सकिन्छ। प्रारम्भमा विकासलाई आर्थिक विकासको रुपमा मात्र लिने गरिन्थ्यो अर्थात् पहिले आर्थिक वृद्धिलाई विकासको रुपमा लिइन्थ्यो, विकासलाई Quantitative रुपमा हेरिन्थ्यो। वर्तमान समयमा विकासलाई हेर्ने धारणामा परिवर्तन आएको छ। विकास शब्द समग्र मानवको विकासमा आधारित हुन पुगेको छ। त्यसैले आज भोलि विकास मात्र नभनेर मानव विकास भन्ने गरिन्छ।

वर्तमान समयमा विकासलाई परिमाणात्मक एवम् गुणात्मक दुवै तरिकाबाट हेर्न थालिएको छ अझ भन्दा मानव विकासको क्षेत्रमा आएको गुणात्मक परिवर्तनलाई नै विकास भन्न थालिएको छ। साराशंमा भन्दा विकास भनेको समग्र मानवीय पक्ष एवम् जीवन शैली र क्षमतामा आएको गुणात्मक तथा सकारात्मक परिवर्तन हो। अहिले विकासको सन्दर्भमा दिगोपन, समता र सशक्तिकरण जस्ता मुद्दाहरू देखा पर्न थालेका छन्। जसले गर्दा विकास सम्बन्धी अवधारणामा व्यापक परिवर्तन आएको छ।

| विकासका विभिन्न पक्षहरू | विकासका पूर्वशर्तहरू |
|---|---|
| (१) आर्थिक पक्ष | (क) स्थिर राजनीतिक व्यवस्था |
| (२) सामाजिक–सांस्कृतिक पक्ष | (ख) तटस्थ र सक्षम अड्डातन्त्र |
| (३) राजनीतिक पक्ष | (ग) व्यवहारिक योजना |
| (४) प्राविधिक पक्ष | (घ) जनसहभागिता, दूरदर्शीता र प्रतिबद्धता |
| (५) प्रशासनिक पक्ष | (ङ) स्रोत साधनको उचित व्यवस्थापन |
| (६) मानवीय पक्ष | (च) विशिष्ट संस्कृतिको विकास |

QuestionBankNepal

**विकासमा महिला सहभागिताका न्यून हुनुका कारणहरू**

नेपालमा विकासमा महिला सहभागिता न्यून हुनुका कारणहरू वा समस्याहरू देहायअनुसार रहेका छन् –

★ महिलालाई असक्षम देख्ने पितृसत्तात्मक सोचबाट राज्यका हरेक संयन्त्र ग्रसित रहेको अर्थात् आफूलाई महिलाको संरक्षक सम्झने मनोवृत्ति रहेको ।

★ कुल गार्हस्थ उत्पादनमा महिलाको योगदान यकिन गर्न नसकिएको अर्थात् महिलाले गरेको योगदानलाई मौद्रिक मूल्यमा रुपान्तरण गर्न वेवास्ता गरिएको ।

★ महिला विकाससम्बन्धी आन्दोलनमा टाठाबाठाहरूको बोलवाला रहेको ।

★ परम्परागत सोँचाइले गर्दा महिलालाई कुनै भूमिका नै नदिने र दिइहाले पनि विकासका लागि निर्णयक हुने भूमिका नदिने ।

★ विकास सम्वन्धी योजना, कार्यक्रममा महिलाको सहभागितालाई अनिवार्य नगरीएकोले सहभागिताको कमी रहेको ।

★ राज्य सञ्चालन संयन्त्र देखि लिएर तिनले सञ्चालन गर्ने सेवा सुविधा महिलामैत्री हुन नसकेको ।

★ Gender Management Information System को प्रभावकारी कार्यान्वयन हुन नसकेको ।

★ महिलाहरूको Attitude, Habit र Behaviour स्वयं उनीहरूको विकासमा बाधक रहेको ।

★ महिलालाई विकासको निष्कृय उपभोक्ताको रुपमा मात्र लिइने गरेको ।

**देश विकासमा महिला सहभागिताको महत्व**

नेपोलियनले भन्ने गर्थे रे "मलाई एउटी असल आमा देऊ म तिमीलाई एउटा असल राष्ट्र दिनेछु ।" उल्लेखित उक्तिबाट नै महिलाको महत्व झल्किन्छ तर परम्परागत पुरुषवादी मानसिकताबाट ग्रसित हाम्रो समाज महिलाको भूमिका आत्मसात गर्न तयार नै देखिँदैन । कागजी रुपमा तथा देखावटी रुपमा महिला सहभागिताका लागि प्रयास गरेजस्तो देखिएता पनि यथार्थमा महिला सहभागिताको अवस्थालाई माथि उल्लेखित समस्याहरूले उजागार गरेका छन् । कुनैपनि देशको विकासमा महिला सहभागिताको महत्वलाई निम्न अनुसार व्यक्त गर्न सकिन्छ –

★ सबै प्रकारका लैंगिक हिंसा र विभेदको अन्त्य गरी लैंगिक रुपले समावेशी र समंतामूलक समाज निर्माण गर्न,

★ देशको भविष्यका कर्णधारका रुपमा रहेका वालबालिकालाई घरबाटै राज्यको विकास सम्वन्धी असल शिक्षा प्रदान गर्न,

★ शान्ति प्रक्रियामा महिलाको क्रियाशिलता सुनिश्चित गरी समानतामा आधारित कानूनी राज्यको स्थापना गर्न,

★ पारिवारिक तहदेखि नै विकासको भावना जगाई विकासको आकांक्षालाई मूर्तरुप दिन,

★ विकासमा Multiplier Effect सिर्जना गर्न,

★ महिलावर्गमा रहेको हिनताबोधलाई हटाइ लोक कल्याणकारी राज्यको स्थापना गर्न,

★ राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदानलाई visible बनाई महिला विकासका परिसूचकहरूमा अभिवृद्धि गर्न,

★ Feminization of Poverty को विश्वव्यापी प्रवृत्तिमा परिवर्तन ल्याई गरिबी हटाउन आदि ।

अन्त्यमा हाम्रा धर्मग्रन्थहरूमा 'यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता' भन्ने उल्लेख छ । नारीको भूमिका वृद्धिमा देवताहरू रमाउने भएता पनि हाम्रो देशको पुरुषवादी मनोवृत्तिले नारीको भूमिकालाई सम्मान गर्न त के मनन गर्न नै चाँहदैन जसले गर्दा महिला क्षमतावान् हुँदाहुँदै पनि क्षमताहिन बनाइएका छन् । महिलालाई भूमिका नै नदिई असक्षम ठान्नुको सट्टा भूमिका र जिम्मेवारी दिने साहस गरेर हाम्रो राजनीतिक एवम् प्रशासनिक संयन्त्रले विकासमा महिलालाई सहभागी गराउनु पर्‍यो त्यसपछि महिलाले देशको कायापलट गर्न सकेनन् भनेमात्र महिला असक्षम हुनेछन् । त्यसैले कल्पनाका भरमा महिलालाई कमजोर नठानी महिलालाई उच्च ओहदाको जिम्मेवारी दिनु आजको आवश्यकता हो जसले वर्तमान अवस्थालाई निकास दिई विकासको गति बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट १ ❍ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) "सार्वजनिक कर्मचारीतन्त्र देशको स्थायी सरकार हो" भन्ने मतसँग तपाई सहमत हुनुहुन्छ वा हुनुहुँदैन ? स्पष्ट पार्दै नेपालको सन्दर्भमा आधुनिक शासन पद्दतिमा सार्वजनिक कर्मचारीतन्त्रको भूमिकाबारे चर्चा गर्नुहोस् ।

(२) राष्ट्र र राज्य भन्नाले के बुभिन्छ ? उल्लेख गर्दै यी दुई बीचमा रहेको भिन्नता औंल्याउँदै नेपालको राष्ट्र निर्माण प्रक्रियामा योगदान पुऱ्याउने पक्षहरूबारे चर्चा गर्नुहोस् ।

(३) संयुक्त राष्ट्र संघका विशिष्टिकृत संस्थाहरू भन्नाले के बुभ्नुहुन्छ ? अन्तराष्ट्रिय शान्ति सुरक्षा कायम राख्ने सन्दर्भमा महासभा र सुरक्षा परिषद्को भूमिका बारे चर्चा गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) संविधान भन्नाले के बुभिन्छ ? संविधानवादका आवश्यक तत्वहरू/विशेषताहरु उल्लेख गर्दै संविधानका विभिन्न प्रकार बारेमा संक्षिप्तमा चर्चा गर्नुहोस् ।

(५) सकारात्मक विभेदको अर्थ एवम् औचित्यताबारे उल्लेख गर्दै सकारात्मक विभेदका विभिन्न स्वरुप, यसका चुनौती र चुनौती समाधान गर्ने उपायहरु उल्लेख गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) नेपालको सार्वजनिक सेवा प्रवाहको वर्तमान स्थिति त्यति प्रभावकारी नभएको जनगुनासो बारे स्पष्ट पार्दै यस सन्दर्भमा नेपालको सार्वजनिक सेवा प्रवाहमा गरिनुपर्ने सुधारहरूबारे चर्चा गर्नुहोस् ।

(७) सार्वजनिक जवाफदेहिता/उत्तरदायित्व भन्नाले के बुभिन्छ ? सुशासनका लागि सार्वजनिक उत्तरदायित्वको महत्व माथी प्रकाश पार्दै सार्वजनिक उत्तरदायित्वलाई साकार पार्न अवलम्बन गर्नुपर्ने उपायहरू औंल्याउनुहोस् ।

(८) आर्थिक अनुशासन भन्नाले के बुभिन्छ ? आर्थिक अनुशासनका मुलभूत तत्वहरू उल्लेख गर्दै नेपाल सरकारले आर्थिक अनुशासन कायम गर्नका लागि व्यवस्था गरेका उपायहरू लेख्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) बजेट भन्नाले के बुभ्नुहुन्छ ? बजेटका मूलभूत उद्देश्य र कार्यहरू के-के हुन् ? उल्लेख गर्दै वर्तमान संविधानमा व्यवस्था भएअनुसार राजस्व र व्ययको अनुमान गरी व्यवस्थापिका-संसदमा बजेट प्रस्तुत गर्दा कुन-कुन बुँदाहरू समावेश गरिन्छ ? प्रष्ट पार्नुहोस् ।

(१०) दोहोरो लेखा प्रणाली भन्नाले के बुभिन्छ ? नेपालको वर्तमान सरकारी लेखा (स्रेस्ता) को उद्देश्य तथा महत्व उल्लेख गर्दै वित्तीय लेखा र व्यवस्थापन लेखा बीच के के भिन्नता रहेको पाउनुहुन्छ । लेख्नुहोस् ।

## समाधान

**(१) "सार्वजनिक कर्मचारीतन्त्र देशको स्थायी सरकार हो" भन्ने मतसँग तपाई सहमत हुनुहुन्छ वा हुनुहुँदैन ? स्पष्ट पार्दै नेपालको सन्दर्भमा आधुनिक शासन पद्दतिमा सार्वजनिक कर्मचारीतन्त्रको भूमिकाबारे चर्चा गर्नुहोस् ।**

**सार्वजनिक कर्मचारीतन्त्र**

कर्मचारीतन्त्र प्रशासनिक संगठनको स्वरुप हो । संगठनको जन्म, त्यसको विकास र विस्तारले कर्मचारीतन्त्रको उदय हुन्छ । आजको विश्वमा वहुस्तरीय शासन सन्दर्भमा सार्वजनिक कर्मचारीतन्त्रलाई देशको स्थायी सरकार हो भन्ने मत जोडदार रुपमा अगाडी सारेको पाईन्छ । जुन मत संग सहमत हुन सकिन्छ । किनभने आधुनिक शासन पद्दतिमा सार्वजनिक कर्मचारीतन्त्रले मुलुकको शासन संचालनमा अविछिन्न रुपमा औपचारिक सरकारको सहयोगीको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ ।

मुलुकको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै दुरदराजसम्म सरकारको उपस्थितिको अनुभूत गराउने मूल संयन्त्रको रुपमा रहने कर्मचारीतन्त्र प्रति जनताको ठूलो भरोसा र आशा मात्र रहदैन, यसले स्थायी रुपमा जनता र सरकारबीचको पुलको काम गर्दछ । नीति निर्माणमा राजनीतिज्ञहरूसँग र सेवा प्रवाहमा नागरिकहरूसँग आबद्ध रहेर निरन्तर रुपमा सरकारको सञ्चालनमा सहयोग पुऱ्याउने कर्मचारीतन्त्रले सरकारको एक अभिन्न अंगको रुपमा काम गरिरहेको हुन्छ ।

भनिन्छ पनि सरकारको सफलता कर्मचारीतन्त्रको सफलता र सहयोगमा निर्भर रहन्छ । मुलुकको शासकीय पद्दतिमा

Question Bank Nepal

महत्वपूर्ण स्थान रहने कर्मचारीतन्त्रलाई देहाय बमोजिमको अर्थमा मुलुकको स्थायी सरकारको रुपमा लिने गरिन्छ : –

- ★ लोकतान्त्रिक मुलुकहरुमा आवधिक निर्वाचनद्वारा (सामान्यत : ५/५ वर्षमा) राजनीतिक नेतृत्व अर्थात् सरकार परिवर्तन भैरहन्छ, तर फेरिइ रहन्छ । तर आफैमा शासन सञ्चालनको सक्षमता राख्ने योग्यता प्रणालीबाट छनौट भई आउने व्यक्तिहरूको समूह अर्थात् कर्मचारीतन्त्र निरन्तर चल्ने एक स्थायी प्रणालीको रुपमा रहेको हुन्छ ।
- ★ सरकारको तर्फबाट जनतालाई प्रदान गरिने सार्वजनिक सेवा तथा सुविधाहरू प्रवाह गर्ने सन्दर्भमा कर्मचारीतन्त्रले राज्यको कार्यान्वयन संयन्त्रको रुपमा जनतासँग निरन्तर सम्पर्कमा रहेर कार्य गरिरहेको हुन्छ । जवकी सरकार संचालन गर्ने राजनीतिज्ञ त केवल आवधिक निर्वाचनद्वारा निर्वाचित भई सत्तामा पुग्दछन् र कर्मचारीतन्त्रको निरन्तर कार्यान्वयनगत सहयोगमा मात्र जनताका इच्छा पूरा गर्न तर्फ लाग्दछन् ।
- ★ कर्मचारीतन्त्र विकल्प विहिन राज्यको यस्तो संयन्त्र हो, जुन राज्यको उद्देश्य प्राप्तिमा निरन्तर लागिरहन्छ । भने कुनै पनि सरकार विकल्प विहिन सरकार हुनसक्दैन, किनकी जनता आवधिक चुनाव मार्फत कुनै पनि सरकारको विकल्प खोज्न सक्षम हुन्छन् ।
- ★ सूचना व्यवस्थापनलाई सहयोग पुर्याउने औपचारिक एवं लिखित अभिलेखका सर्जकका रुपमा कर्मचारीतन्त्र रहेको हुन्छ । कर्मचारीतन्त्रबाट निरन्तर रुपमा व्यवस्थित गरिएको त्यही सूचनामा निर्भर रही अस्थायी रुपमा सत्तारोहण गर्ने राजनीतिज्ञहरुले सत्ता संचालन गर्दछन् ।
- ★ कार्यान्वयन बिनाको नीति तथा निर्णय केवल कोरा कागजमा सिमित हुन्छ । सत्तामा आसिन कुनै पनि नेतृत्वले गरेका नीति तथा निर्णयले तवमात्र मूर्त रुप पाउँछन्, जव कर्मचारीतन्त्रले सही रुपमा कार्यान्वयन गर्दछ ।
- ★ कर्मचारीतन्त्रका सञ्चालकका रुपमा रहने स्थायी कार्यकाल भएका र निवृत्तिभरण पाउने गरी नियुक्त अधिकारीहरू पनि राज्य र जनताप्रति राजनीति जतिकै रुपमा जिम्मेवार हुने गर्दछन् । तसर्थ राजनीतिक नेतृत्वले पनि नीति निर्माणमा कर्मचारीतन्त्रको भर पर्नुका साथै कार्यान्वयनको जिम्मा दिनुपर्ने हुन्छ ।

त्यस्तै गरी नेपालको संविधान २०७२ को धारा ७५(२) ले संविधान र कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा सुम्पेको छ । त्यस्तै गरी धारा १६२ (२) मा संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिमा रहने व्यवस्था गरेको र धारा २१४(३) मा संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकामा हुने उल्लेख गरेको छ भने शासन सञ्चालनमा सहयोग गर्न धारा २८५(१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने व्यवस्था गरेको छ । त्यस्तै गरी धारा २८५(३) मा प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ । यसले पनि कर्मचारीतन्त्र देशको स्थायी सरकार हो भन्ने कुरालाई पुष्ट्याई गर्न मद्दत मिल्दछ ।

**आधुनिक शासन पद्धतिमा सार्वजनिक कर्मचारीतन्त्रको भूमिका**

मुलुकको स्थायी सरकारको रुपमा रहने सार्वजनिक कर्मचारीतन्त्रले राज्यको उद्देश्य प्राप्तिका लागि सरकारले संचालन गर्ने हरेक गतिविधिमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आधुनिक लोकतान्त्रिक शासन पद्दतीमा सार्वजनिक कर्मचारीतन्त्रको प्रमुख भूमिकालाई तलको चार्टमा उल्लेख गर्ने जमर्को गरिएको छ –




संक्रमणकालमा गुज्रिरहेको हाम्रो देशमा सार्वजनिक कर्मचारीतन्त्रका वहालवाला तथा पूर्व संचालकहरूले राजनितिक दलको विकल्पको रुपमा सत्ताको बागडोर सम्हाल्दै नयाँ संविधानसभाको निर्वाचन समेत संपन्न गरिसकेको अनुभव समेत रहेको छ । उल्लेखित पृष्ठभूमिमा

Question Bank Nepal

नेपालको सार्वजनिक कर्मचारीतन्त्रले मौजुदा परिस्थितामा निर्वाह गरेको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

**सकारात्मक भूमिका**

★ राजनितीक अस्थिरता एवं असहमतिबाट मुलुकलाई निकास दिन राजनैतिक नेतृत्वको विकल्पको रुपमा सत्ताको वागडोर समेत सम्हाली नयाँ संविधानसभा मार्फत मुलुकलाई दीर्घकालिन निकाश दिएको छ।

★ कानूनी शासनको अवधारणालाई आत्मसात गर्दै कानूनद्वारा सेवाको स्थायित्व निरन्तरता र सुरक्षाको प्रत्याभूति गरिएको छ।

★ बहूक्षेत्रिय नीतिगत सुधारमा ध्यान दिई वैदेशिक विश्वास आर्जन गर्न सफल देखिएको छ।

★ सार्वजनिक कर्मचारीतन्त्र परिवर्तन व्यवस्थापनमा अहोरात्र खटिई रहेको छ।

★ यसले स्थायी रुपमा जनता र सरकारबीचको पुलको काम गरिरहेको छ।

★ मुलुकको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै दुरदराजसम्म सरकारको उपस्थितीको अनुभूति गराएको छ।

★ सुशासनका मान्यताहरूलाई व्यवहारमा लागू गर्ने तर्फ विभिन्न क्रियाकलापहरू संचालन गरिरहेको छ आदि।

**नकारात्मक भूमिका**

★ विशेषज्ञता र सक्षमताको बाबजुद गिर्दो मनोबल र उत्प्रेरणाका कारणले जनआकांक्षा बमोजिम काम गर्न सकेको छैन।

★ नतिजा भन्दा प्रकृयामा जोड दिने कानूनको आडमा कर्मचारीतन्त्रमा भ्रष्टाचारी प्रवृति मौलाई रहेको छ।

★ परिवर्तनको दृष्टिकोणले जड र औपचारिकता मात्र निभाउने संगठनको रुपमा सार्वजनिक कर्मचारीतन्त्र चिनिन थालेको छ।

★ कर्मचारीतन्त्र माथि राजनीतिक क्षेत्रको अनावश्यक हस्तक्षेपमा पनि एकजुट भै अगाडी बढ्न नसक्ने असक्षमताको प्रश्न खडा भएको छ।

★ व्यक्तिगत स्वार्थको लागि राजनीतिसँग भूमिगत अपवित्र गठबन्धनमा कर्मचारीतन्त्रका संचालकहरू लागेको भान हुन्छ।

★ सार्वजनिक कर्मचारीतन्त्रमा उत्तरदायित्व र पारदर्शिताको अभाव छ। दण्डहीनता र अनुशासनहिनताले प्रश्रय पाएको छ आदि।

अन्त्यमा, कर्मचारीतन्त्ररुपी निजामती सेवा सार्वजनिक प्रशासनको हृदय हो। यसैका वरिपरि सबै सार्वजनिक सेवाहरू घुम्ने गर्दछन्। कर्मचारीतन्त्रको विकल्प सुधारिएको कर्मचारीतन्त्र बाहेक कुनै हुन नसक्ने यथार्थताले गर्दा मौजुदा कर्मचारीतन्त्रका राम्रा पक्षलाई अझ सबल बनाउदै खराब पक्षको सुधार गर्नु आजको आवश्यकता हो भन्न सकिन्छ।

**(२) राष्ट्र र राज्य भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै यी दुई बीचमा रहेको भिन्नता औल्याउँदै नेपालको राष्ट्र निर्माण प्रक्रियामा योगदान पुऱ्याउने पक्षहरूबारे चर्चा गर्नुहोस्।**

**राष्ट्र र राज्य (Nation and State)**

**राष्ट्र** – नेपाली भाषाको राष्ट्र भन्ने शब्द अंग्रेजीको 'Nation' शब्दको नेपाली रुपान्तरण हो। जसको अर्थ वंशीय, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एवं रीतिरिवाज र सामान्य परम्परामा एकता भन्ने हुन्छ। त्यसैले राष्ट्र भन्नाले साझा भाषा, जाति, प्रथा (जातीयता), धर्म, संस्कृति, इतिहास वा एउटै भूभागमा लामो बसाइका कारणले बन्ने व्यक्तिहरूको साझा पहिचान/स्व पहिचान/साझा भावनालाई बुझिन्छ। अर्को शब्दमा राष्ट्र विशेष गरी भाषा, धर्म, जाति एवं प्रथाहरूको एकताका कारक परस्पर सम्बन्ध राखी समान उद्देश्य प्राप्त गर्न साझा लक्ष्यका साथ अगाडि बढेको व्यक्तिहरूको समूह हो।

**राज्य** – राज्यको उत्पत्ति मानवको उत्पत्ति संग सँगै भएको मानिन्छ। जब मानव समुदायले आफूलाई राजनीतिक समुदायको रुपमा संगठित गऱ्यो, त्यही व्यक्तिहरूको संगठित समूहलाई राज्य भनियो। व्यापक अर्थमा राज्य भन्नाले कुनै एउटा निश्चित भू भाग वा सिमानाभित्र विभिन्न जातजाति, समुदाय, वर्ग र समूहको स्वतन्त्र र सार्वभौम अधिकारको रक्षा गर्दै त्यस क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको हित संरक्षण एवम् कल्याण गर्ने उद्देश्यले सम्प्रभुताको प्रयोग गर्न स्थापित एक प्रकारको वृहत्तर राजनीतिक संस्थालाई बुझिन्छ। प्राचीन पूर्वीय जगतका लेखक कौटिल्यले राज्यका लागि ७ तत्व आवश्यक हुने विचार राखेको पाइन्छ। आधुनिक समयमा राज्य हुनको लागि जनसंख्या, भू-भाग, सरकार र संप्रभुतालाई अनिवार्य तत्वहरूका रुपमा लिने गरिन्छ। त्यसका अलावा पछिल्ला समयमा नवोदित राज्यको रुपमा अन्तर्राष्ट्रिय मान्यता लाई समेत राज्यको आवश्यक तत्वको रुपमा अगाडी सारी राज्य हुनको लागि अनिवार्य तत्वहरूको संख्या पाँच पुऱ्याएको पाईन्छ।

**संविधानमा राष्ट्र र राज्य** – नेपालको संविधान, २०७२ ले पनि राष्ट्र र राज्य दुवैको परिभाषा गरेको पाइन्छ। धारा - ३

मा "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।" भनिएको छ भने धारा ४ अनुसार नेपाल एक स्वतन्त्र, अभिभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख संघीय गणतान्त्रात्मक राज्य हो ।

**राज्य र राष्ट्रबीच रहेका भिन्नताहरू**

सामान्य बोलीचालीको भाषामा राज्य र राष्ट्र शब्दलाई एउटै अर्थमा बुझिन्छ । तथापि यी दुई शब्द समानार्थी शब्दहरू भने होइनन् । यी दुईबीच रहेका भिन्नताहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

| राज्य | राष्ट्र |
|---|---|
| १. राज्य एक भौतिक संगठन हो, जसको सम्बन्ध मानिसको बाहिरी राजनीतिक संगठनसँग रहेको हुन्छ । | १. राष्ट्र एक आध्यात्मिक, एवं अमूर्त संगठन हो, जसको सम्बन्ध मानिसहरूको भावनात्मक तथा आध्यात्मिक एकतासँग रहेको हुन्छ । |
| २. राज्यको निर्माणका लागि चार निश्चित तत्वहरू (जनसंख्या, भूभाग, सरकार र सार्वभौमसत्ता) अत्यावश्यक पर्दछ । अर्थात् उल्लेखित कुनै एक तत्वको अभावमा राज्य निर्माण हुन सक्दैन । | २. राष्ट्र निर्माणका लागि कुनै निश्चित तत्वहरूको आवश्यकता पर्दैन । भौगोलिक एकता, भाषा, धर्म, जातियता, वैचारिक एकता आदि जस्ता कुनै तत्वको आधारमा राष्ट्र निर्माण हुन सक्दछ । |
| ३. एकताको अभावमा पनि जनसंख्या, भूभाग सरकार र सार्वभौमसत्ता छ भन्ने राज्य अस्तित्वमा रही यसको कार्य सूचारु रुपमा चलिरहन्छ । | ३.राष्ट्रको आधार मानिसहरूको पारस्परिक एकताको भावना हो । अर्थात् यस्तो एकताको अभावमा राष्ट्र निर्माण हुन सक्दैन । |
| ४. सम्प्रभुता बिना राज्य निर्माण हुन सक्दैन । अर्थात् एक राज्य अर्को कुनै राज्यको अधीनमा रहेर आफ्नो अस्तित्व कायम राख्न सक्दैन । | ४. सम्प्रभुताको अभावमा पनि राष्ट्र निर्माण हुन सक्दछ । अर्थात् एक राष्ट्र अर्को राष्ट्रको अधीनमा रहेर पनि आफ्नो अस्तित्वलाई बचाइ राख्न सक्छ । |
| ५. राज्यले आफ्ना आदेशहरूको बलपूर्वक नागरिकहरूलाई पालना गर्न लगाउन सक्छ । अर्थात् राज्यमा बाध्यकारी शक्ति निहित हुन्छ । | ५. राष्ट्रसँग आफ्ना निर्णयहरू लागू गराउने बाध्यकारी शक्ति हुँदैन, राष्ट्र संग केवल नैतिक बल र धार्मिक प्रार्थना शक्ति हुन्छ । |
| ६. राष्ट्रिय भावना बिना नै राज्य अस्तित्वमा रहन सक्दछ । अर्थात् राज्य हुनका लागि राष्ट्रिय भावना अनिवार्य हुँदैन । | ६. राष्ट्रिय भावना विना राष्ट्र कायम रहन सक्दैन । अर्थात् राष्ट्र हुनको लागि राष्ट्रियता अनिवार्य मानिन्छ । |
| ७. एक राष्ट्र एक राज्य भन्ने पुरानो सिद्धान्त अहिले गलत सावित भएको छ किनकी एउटा राज्य अन्तर्गत केयौं राष्ट्रहरू हुन सक्दछन् । | ७. एक राष्ट्र एक राज्य भन्ने सिद्धान्त अहिले गलत सावित भएको छ किनकी एक राष्ट्रभित्र राज्यहरूको ठूलो संख्या पनि हुन सक्दछ । |
| ८. राज्य एक सुसंगठित संस्था हो । यसलाई स्थायी राख्नका लागि यी उल्लेखित चार तत्वहरू अनिवार्य मानिन्छ । | ८. राष्ट्र संगठित र असंगठित दुवै हुन सक्दछ । यसलाई स्थायी राख्नका लागि राष्ट्रियताको भावना अनिवार्य मानिन्छ । |
| ९. राज्यलाई भू-क्षेत्रको आधारमा समुद्र तटीय, जल परिवेष्ठित र भूपरिवेष्ठित, आर्थिक विकासको आधारमा विकसित, अल्पविकसित, अविकसित राष्ट्र गरी विभाजन गर्न सकिन्छ । | ९. राष्ट्रलाई राष्ट्र राज्य र बहुराष्ट्रिय राज्य गरी दुई किसिममा वर्गीकरण गर्न सकिन्छ । |

**नेपालको राष्ट्र निर्माणमा योगदान पुऱ्याएका पक्षहरू**

नेपालको संविधान, २०७२ मा उल्लेख भए बमोजिम "बहुजातीय,..... सबै नेपाली जनता समष्टि रुपमा राष्ट्र हो ।" भने "नेपाल एक स्वतन्त्र,...... गणतन्त्रात्मक राज्य हो ।" यसबाट के स्पष्ट हुन्छ भने नेपाली पहिचान राष्ट्र हो भने नेपाल राज्य हो । नेपालको राष्ट्र निर्माणमा देहाय बमोजिमका पक्षहरूले योगदान पुऱ्याएको पाइन्छ :-

- ★ **विविधतापूर्ण नेपालको जातीय पक्ष** – नेपाल १२५ वटा जातजातिहरूको साझा फुलबारी हो ।
- ★ **विविधतापूर्ण नेपालको धार्मिक पक्ष** – नेपालमा विभिन्न १० वटा धर्म मान्ने व्यक्तिहरु रहेका छन् ।
- ★ **विविधतापूर्ण नेपालको भाषिक पक्ष** – नेपालमा बोलिने मातृभाषाको सङ्ख्या १२३ वटा रहेको छ ।
- ★ **नेपालको विविधतापूर्ण क्षेत्रीय आयाम** – नेपाल मूलतः हिमाल, पहाड तथा तराई गरी तीन विविधतापूर्ण भोगोलिक क्षेत्रमा विभाजित छ ।
- ★ **नेपालको विविधतायुक्त सांस्कृतिक पक्ष** – न्वारन,विवाह, अन्त्येष्टी जस्ता मानव जन्मदेखि मृत्यु सम्मका संस्कारहरु,चाडपर्व,महोत्सव, जात्रा सन्दर्भमा नेपालका जात-जाती तथा धार्मिक समुदायहरू बीचमा भिन्नता रहेको पाईन्छ । जसलाई नेपालीहरूको संस्कृतिक विविधताको रुपमा लिन सकिन्छ ।

Question Bank Nepal

नेपाली समाजमा माथि उल्लेखित भाषागत, जातिगत, धार्मिक तथा संस्कृतिगत विविधता रहेको पाइन्छ । नेपाली समाज यसरी विविधताबाट निर्माण हुँदाहुँदै पनि नेपालमा बसोवास गर्ने हामी सबै नेपाली भन्ने भावना सबै देशवासीमा रहेको पाईनुले नेपाली समाज विविधतामा एकता भएको कुरालाई पुष्टी गर्दछ । त्यसैले यिनै विविधताका बीच नेपालको जातीय, धार्मिक, भाषिक, क्षेत्रीय एवं सांस्कृतिक पक्षहरूले नेपाल राष्ट्र निर्माणमा योगदान पुऱ्याउँदै आएको कुरामा दुईमत हुन सकिँदैन ।

**(३) संयुक्त राष्ट्र संघका विशिष्टिकृत संस्थाहरू भन्नाले के बुझ्नुहुन्छ ? अन्तराष्ट्रिय शान्ति सुरक्षा कायम राख्ने सन्दर्भमा महासभा र सुरक्षा परिषद्को भूमिका बारे चर्चा गर्नुहोस् ।**

**संयुक्त राष्ट्र संघका विशिष्टिकृत संस्थाहरू**

संयुक्त राष्ट्रसंघसँग विशेष सन्धिको आधारमा सम्बन्धित भएका अन्तर्राष्ट्रिय अन्तर सरकारी संगठनहरूलाई विशिष्टीकृत संस्था (Specialized Agency) भनिन्छ । यी संस्थाहरू अन्तर्राष्ट्रिय संगठन भएकाले यिनीहरूको संगठनात्मक रचना, कार्यपद्दति, योगदान आदि पनि अन्य अन्तर्राष्ट्रिय संगठन सरह हुन्छ ।

UN Charter को Article 59 and 63 मा विशिष्टीकृत संस्था सम्बन्धी व्यवस्था रहेको पाइन्छ । बडापत्रको धारा ६३ मा 'संयुक्त राष्ट्रसंघको बडापत्रको धारा ५७ अनुसार आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा अन्य विशिष्ट क्षेत्रहरूमा कार्यरत अन्तर्राष्ट्रिय संगठनहरू संयुक्त राष्ट्र संघसँग सम्बन्धित तुल्याइनेछन् र संयुक्त राष्ट्रसंघका विशिष्टीकृत संस्था भनी निर्दिष्ट हुनेछन् ।' भन्ने उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघको तर्फबाट आर्थिक तथा सामाजिक परिषदले यस्ता विशिष्टीकृत संगठनहरूसँग सन्धि गर्दछ र यी संस्थाहरूको कार्यमा समन्वय स्थापित गर्दछ । त्यस्तै गरी जीविकाको उच्च स्तर, पूर्ण रोजगारी एवं आर्थिक तथा सामाजिक प्रगति र विकास लगायतका बडापत्रको धारा ५५ उल्लेखित उद्देश्यहरूको प्राप्तिको लागि कुनै पनि नयाँ विशिष्टीकृत संस्थाको स्थापना सम्बन्धमा UN ले सदस्य राष्ट्रहरूसँग आवश्यक वार्ता गर्न सक्ने आशय व्यवस्था धारा ५९ मा रहेको पाइन्छ । विशेष सन्धिका आधारमा विशिष्टीकृत संस्थाहरू UNO सँग आबद्ध हुने भएकाले UN महासभा एवं आर्थिक तथा सामाजिक परिषदले यस्ता संस्थाप्रति देहायबमोजिमका अधिकारहरू राख्ने व्यवस्था UN Charter मा भएको पाइन्छ :-

- ★ विशिष्टीकृत संस्थाहरूको नीति र काम कारबाहीको समन्वयको लागि सिफरिस गर्ने अधिकार ।
- ★ यी संस्थाहरूसँग गरिएका जुनसुकै वित्तीय र आय व्ययसम्बन्धी प्रबन्धमा विचार गर्ने तथा स्वीकृति दिने ।
- ★ सम्बन्धित संस्थाहरूलाई सिफारिस गर्ने उद्देश्यले यस्ता विशिष्टिकृत संस्थाहशरुको प्रशासकीय आय व्यय जाँच्ने अधिकार ।
- ★ आर्थिक तथा सामाजिक परिषदले यस्ता विशिष्टीकृत संस्थाहरूसँग परामर्श गरी महासभा तथा UN को सदस्य राष्ट्रसँग परामर्श एवं सिफारिसको माध्यमबाट विशिष्टीकृत संस्थाहरूको कार्यमा समन्वय ल्याउने अधिकार राख्ने ।
- ★ विशिष्टीकृत संस्थाहरूबाट नियमित प्रतिवेदन प्राप्त गर्नका लागि उपयुक्त कारबाही गर्ने अधिकार ।
- ★ UN ECOSOC ले विशिष्टीकृत संस्थाहरूद्वारा गरिने छलफलमा भाग लिन आफ्नो प्रतिनिधि पठाउने अधिकार ।

विशिष्टीकृत संस्थाहरू विशेष सन्धिमार्फत UN सँग घनिष्ट रुपले सम्बन्धित भएपनि यी संस्थाहरू स्वतन्त्र अन्तर्राष्ट्रिय संगठन हुन् । र यी संस्थाको सदस्य बन्नको लागि कुनै पनि राष्ट्र अनिवार्य रुपमा UN को सदस्य हुनु आवश्यक छैन ।

| Specialized Agencies (17) | |
|---|---|
| 1. Food and Agriculture Organization (FAO) | 2. International Civil Aviation Organization (ICAO) |
| 3. International Fund for Agricultural Development (IFAD) | 4. International Labour Organization (ILO) |
| 5. International Maritime Organization (IMO) | 6. International Monetary Fund (IMF) |
| 7. International Telecommunication Union (ITU) | 8. United Nations Educational, Scientific and Cultural Organization (UNESCO) |
| 9. United Nations Industrial Development Organization (UNIDO) | 10. Universal Postal Union (UPU) |
| **World Bank Group(IBRD - IFC - IDA)** | |
| 11. International Bank | 12. International |

Question Bank Nepal

| | |
|---|---|
| for Reconstruction and Development (IBRD) | Finance Corporation (IFC) |
| 13. International Development Association (IDA) | 14. World Health Organization (WHO) |
| 15. World Intellectual Property Organization (WIPO) | 16. World Meteorological Organization (WMO) |
| 17. World Tourism Organization (UNWTO) | |
| **Former specialized agencies (1)** | |
| **International Refugee Organization (IRO)** | |
| Related Organizations (4) | |
| 1. Preparatory Commission for the Comprehensive Nuclear-Test-Ban Treaty Organization (CTBTO) | 2. **International Atomic Energy Agency (IAEA)** |
| 3. Organisation for the Prohibition of Chemical Weapons (OPCW) | **4. World Trade Organization (WTO)** |

*(Source- un.org.com)*

**अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्न महासभाको भूमिका**

महासभाले अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम राख्ने सम्बन्धमा समय समयमा विभिन्न कदमहरू चालेको छ जुन निम्नानुसार छन् :-

१. शान्तिको लागि एकता प्रस्तावको आधारमा सन् १९५०–१९५३ मा यसले कोरियाको संघर्ष समाप्त पारेको थियो ।

२. स्वेज नहर सम्बन्धी संकटको समयमा पनि यसै प्रस्तावको आधारमा महासभाले सन् १९५६ मा इजिप्टमा संयुक्त राष्ट्रसंघीय संकटकालीन सेना (U.N.E.F.) पठाएको थियो ।

३. यसै प्रस्तावको आधारमा कंगोको गृहयुद्धको समयमा सन् १९६० मा महासभाले संयुक्त राष्ट्रसंघीय कारवाही सेना (ONOC) कंगोमा पठाएको थियो र कंगोमा शान्ति स्थापनामा सहयोग पुऱ्याएको थियो । तर यस प्रस्तावको आधारमा महासभाले यदाकदा मात्र कदमहरू चाल्ने गरेको छ ।

४. अन्तर्राष्ट्रिय शान्ति सुरक्षाको सम्बन्धमा महासभाले मुख्य रुपले प्रस्तावहरू पारित गर्ने र सुझावहरू दिने गरेको छ ।

५. महासभाले सस्त्राश्त्रको नियन्त्रण, निशस्त्रीकरण, अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा सम्बन्धी सिद्धान्तहरूको निरुपण गर्दछ तथा राष्ट्रहरूलाई यस सम्बन्धमा सुझावहरू प्रस्तुत गर्दछ ।

६. शान्तिको लागि एकता प्रस्तावको प्रयोग गर्नु अत्यावश्यक नठानिएका सबै स्थितिहरूमा महासभाले अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा खतरा पुऱ्याउने मामिलाहरूमाथि छलफल गरी सुरक्षा परिषद्को ध्यान आकृष्ट गर्दछ ।

७. अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा भंग गर्ने स्थिति उत्पन्न भएमा महासभाले सम्बन्धित राष्ट्रहरूलाई उपयुक्त सुझावहरू सिफारिस गर्दछ र आवश्यक भएमा महासचिवलाई यस सम्बन्धमा उपयुक्त निर्देशन दिन्छ ।

८. अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खलल पुऱ्याउने क्रियाकलापहरू रोक्नका लागि महासभाले समय समयमा विभिन्न प्रस्तावहरू पारित गरेको छ । जस्तै :

- राष्ट्रहरूबीच शान्तिपूर्ण र असल छिमेकीपन सम्बन्धी प्रस्ताव १९५७
- हस्क्षेपको अस्वीकार्यता विषयक प्रस्ताव, १९६५
- अन्तर्राष्ट्रिय सुरक्षाको सुदृढीकरण विषयक घोषणापत्र, १९७०
- अतिक्रमणको परिभाषा, १९७४
- अन्तर्राष्ट्रिय तनावको न्यूनीकरण सम्बन्धी घोषणा पत्र, १९७७
- हस्तक्षेपत्रको अस्वीकार्यता विषयक घोषणापत्र, १९८१
- आणविक विपत्तिको रोकथाम विषयक घोषणापत्र, १९८१
- अन्तर्राष्ट्रिय विवादको शान्तिपूर्ण समाधान विषयक मामिला घोषणापत्र, १९८२ आदि ।

**अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा सुरक्षा परिषद्को भूमिका**

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको सम्बन्धमा सुरक्षा परिषदले निम्नलिखित कार्यहरू गर्न सक्दछ :-

१. शान्ति विरुद्धको धम्की, शान्ति भंग र अतिक्रमण भएको स्थिति निर्धारित गर्नु,

२. शान्ति कायम राख्न वा पुनस्थापित गर्नका लागि आवश्यक कदमबारे निर्णय लिनु र सुझाव दिनु,

३. शान्ति भंग गर्ने वा अतिक्रमण गर्ने राष्ट्र विरुद्ध बाध्यात्मक सैनिक तथा गैर सैनिक कदमहरू चाल्नु,

४. अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण तरिकाबाट समाधान गर्नु,

Question Bank Nepal

५. शास्त्रास्त्रको नियन्त्रण सम्बन्धी योजना तर्जुमा गरी सदस्य राष्ट्रहरूलाई सिफारिस गर्नु,
६. संघर्षरत राष्ट्रहरूलाई विवादको शान्तिपूर्ण समाधान गर्न सिफारिस गर्नु,
७. अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरा पुऱ्याउन सक्ने कुनै पनि विवाद वा स्थितिबारे अनुसन्धान गर्नु,
८. कुनै विवाद निरन्तर चलिरहेमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरा पुग्न सक्छ वा सक्दैन भन्ने कुरा निर्धारित गर्नु,
९. अन्तर्राष्ट्रिय विवादको समाधान गर्नका लागि संघर्षरत पक्षहरूलाई उपयुक्त प्रक्रिया वा तरिका सिफारिस गर्नु,
१०. विवादले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खतरा पुऱ्याउने देखिएमा कस्तो कदम चाल्ने भन्ने बारे निर्णय लिनु आदि।

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरा पुग्ने देखिएमा सुरक्षा परिषदले सर्वप्रथम गैर सैनिक कदमहरू चाल्दछ। यस्ता कदमहरू अन्तर्गत कूटनीतिक सम्बन्ध समाप्त गर्नु, आर्थिक सम्बन्ध समाप्त गर्नु आदि पर्दछन्। सुरक्षा परिषदले चालेका गैर सैनिक कदमहरू अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नका लागि पर्याप्त छैनन् भन्ने सुरक्षा परिषद्लाई लागेमा सैनिक कदम चाल्ने प्रस्ताव पारित गर्न सक्दछ। यस्तो स्थितिमा सुरक्षा परिषद्ले हवाई सेना, स्थल सेना वा सामुद्रिक सेनाद्वारा सैनिक प्रदर्शन, नाकाबन्दी वा अन्य उपयुक्त कदमहरू चाल्न सक्दछ।

**(४) संविधान भन्नाले के बुझिन्छ ? संविधानवादका आवश्यक तत्वहरू/विशेषताहरू उल्लेख गर्दै संविधानका विभिन्न प्रकार बारेमा संक्षिप्तमा चर्चा गर्नुहोस्।**

**संविधान (Constitution)**

'संविधान (Constitution)' शब्दको उत्पत्ति ल्याटिन भाषाको Constitutio शब्दबाट भएको हो, जसको शाब्दिक अर्थ व्यवस्था वा संस्था हुन्छ। संविधान राष्ट्रको मूल कानून हो। जसले सरकारको स्वरुप निर्धारण गर्दछ र सरकारी शक्तिको सीमांकन गरी राज्यको कामकारबाहीलाई वैधता प्रदान गर्दछ। यसलाई कुनै विशेष आयोग/समिति संवैधानिक सम्मेलन, संविधानसभा वा अन्य यस्तै प्रक्रियाबाट निर्माण गरी राज्यको शासन र शासन प्रणाली सञ्चालन गर्ने वैधानिकता शासकवर्गलाई जनताले प्रदान गरेका हुन्छन्।

संविधानलाई संकुचित र व्यापक गरी दुई अर्थमा अर्थ्याउने गरेको पाईन्छ। संकुचित अर्थमा संविधानलाई कानुनसम्मत नियमहरूको संगालोको रुपमा लिईन्छ, भने व्यापक अर्थमा कानुनसम्मत र असम्मत (Legal and Nonlegal Rules) नियमहरूको समष्टिको रुपमा लिईन्छ। सरकार सञ्चालनका तीन महत्वपूर्ण अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकार क्षेत्र निर्धारण र यी निकायहरू वीचको शक्ति सन्तुलन र नियन्त्रण गर्ने कार्य पनि संविधानले नै व्यवस्थित गरेको हुन्छ।

हाम्रो वर्तमान संविधानको धारा १ मा पनि संविधानलाई देशको मुल कानूनको रुपमा घोषणा गर्दै संविधानसँग वाझिएका अन्य सवै कानून वाझिएको हदसम्म अमान्य हुने स्पष्ट गरिएको छ। संविधानलाई देहायका वुँदावाट अझ स्पष्ट पार्न सकिन्छ।

★ देशको मूल भावना, मर्म र राजनैतिक पृष्ठभूमिको व्यवस्था गर्दछ।
★ राज्य संचालनका विभिन्न अंगहरूको सिर्जना गरी काम, कर्तव्य र अधिकार तोक्दछ।
★ यो देशको मूल कानूनको रुपमा स्थापित दस्तावेज हो।
★ सरकारका प्रमुख र राष्ट्र प्रमुखको नियुक्ति साथै तिनीहरूको काम, कर्तव्य र अधिकारको निर्धारण गर्दछ।
★ राज्य सञ्चालनका संयन्त्रहरूले काम, कर्तव्य र अधिकार प्रयोग गर्ने तौर तरिका एवं कार्यविधि निर्धारण गर्दछ।
★ राज्य र नागरिक वीचको सम्वन्ध निर्धारण गरी नागरिक अधिकारको प्रत्याभूति गर्दछ।
★ संविधानले राज्यको शासन र स्वरुपको निर्धारण गर्दछ।

विश्वमा विकास भएका विभिन्न संविधानहरूका ढाँचाहरूले ती देशको विकास र अग्रगतिका साथै राज्यका हरेक पक्षमा महत्वपूर्ण प्रभाव राख्दछन्। संविधान धनी होस् वा गरीब, ठूलो होस् वा सानो, पुरानो होस् वा नयाँ, सवै राष्ट्रको लागि आवश्यक छ। संविधानलाई फरक फरक दृष्टिकोणले हेर्ने र व्याख्या गर्ने गरेता पनि समग्रमा संविधान नै देशको आन्तरिक संरचनाहरूको स्वरुप निर्धारण गर्ने एक महत्वपूर्ण दस्तावेज हो।

**संविधानवादका आवश्यक तत्वहरू/विशेषताहरू**

संविधानवाद शासन वा सरकारको अपरिहार्यतालाई अस्वीकार नगर्ने तर यस्तो शासन स्वेच्छाचारी, निरंकुश वा अतिवादी हुन नहुने कुरामा विशेष जोड दिने मूल्य वा मान्यता

Question Bank Nepal

हो । संविधानवादको लागि संविधानले यसका विभिन्न आवश्यक तत्वहरूलाई अंगिकार गरेको हुनु पर्दछ । संविधानवादका ती आवश्यक तत्वहरू/ विशेषताहरूलाई देहाय बमोजिम बुदाँगत रुपमा उल्लेख गर्न सकिन्छ :–

**Element of Constitutionalism**

| | |
|---|---|
| + स्वतन्त्र एवं सक्षम न्यायपालिका र न्यायिक सक्रियता | + शक्ति पृथकीकरण र शक्ति सन्तुलन तथा नियन्त्रणको सिद्धान्त |
| + बहुमतको सरकार तथा अल्पमतको कदर | + न्यायिक पुनरावलोकनको व्यवस्था |
| + सरकारको सीमित अधिकार (सीमित सरकार) | + जनताप्रति जवाफदेही सरकार |
| + संवैधानिक सर्वोच्चताको सिद्धान्त | + विधि अर्थात् कानूनको शासन |
| + स्वतन्त्र एवं निष्पक्ष आवधिक निर्वाचन | + स्वतन्त्र संवैधानिक अंगहरूको व्यवस्था |
| + शक्तिको विकेन्द्रिकरण | + सक्षम तथा उत्तरदायी प्रतिपक्षी दल |
| + जनभावना र जनइच्छाको सम्मान | + लोक कल्याणकारी राज्य |
| + नागरिकका मौलिक हकहरूको प्रत्याभूति | + सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा |
| + प्रतिनिधिमूलक असल शासन | + संविधान संशोधनको प्रावधानको व्यवस्था |
| + संविधान प्रतिको निष्ठा भाव | + लोकतान्त्रिक लिखित संविधान |

**संविधानको वर्गीकरण (Classification of constitution)**

कुनै देशमा आर्थिक, राजनीतिक, सामाजिक कारणले गर्दा विभिन्न राष्ट्रको वेग्लावेग्लै संविधान उपयुक्त हुन सक्छ । तसर्थ सबै राष्ट्रमा समान किसिमका संविधान हुँदैनन् । संविधानलाई यसको उत्पति, संहिताकरण, राज्यको प्रकृति, यसको संशोधन तथा राज्य प्रमुखको शक्तिको आधारमा विभिन्न प्रकारमा विभाजन गरिएको पाईन्छ ।

**Classification of Constitution**

| | |
|---|---|
| उत्पतिको आधारमा | निर्मित र विकसित संविधान |
| संहिताकरणको आधारमा | लिखित र अलिखित संविधान |
| राज्य प्रकृतिको आधारमा | एकात्मक र संघात्मक संविधान |
| संशोधनको आधारमा | कठोर र नरमशील संविधान |
| राज्य प्रमुखको शक्तिको आधारमा | गणतन्त्रतात्मक र राजतन्त्रात्मक संविधान |

**(क) निर्मित र विकसित संविधान (Enacted and Evoled)-** संविधान निर्माण गर्ने निश्चित उद्देश्य अनुरुप कुनै निश्चित प्रकृया अपनाएर बनाएको संविधानलाई निर्मित संविधान भन्दछन् । निर्मित संविधान, संविधानसभा वा त्यस्तै प्रकारको प्रतिनिधि मूलक निकाय वा अंगद्वारा निर्माण गरिएको हुन्छ । विकसित संविधान यस्तो संविधानलाई भन्दछन् जुन परम्पराको आधारमा विकसित हुँदै आएर कालान्तरमा संविधान बन्न पुग्छ । विकसित संविधानको निर्माण एकै पटक नभई संवैधानिक विकासक्रमको एक लामो परम्परागत अवधिमा भएको हुन्छ । विकसित संविधानको उदाहरणको रुपमा बेलायतको संविधानलाई लिईन्छ जुन महान अधिकार पत्रको रुपमा विकास भै अन्ततः पूर्ण संविधानको रुपमा विकास भएको पाईन्छ ।

**(ख) लिखित र अलिखित संविधान (Written and unwritten) -** लिपिवद्ध गरीएको संविधानलाई लिखित र लिपिवद्ध नगरिएको संविधानलाई अलिखित संविधान भनिन्छ । विश्वका अधिकांश मुलुकका संविधान लिखित रुपमा छन् तर लिखित संविधानमा पनि सबै कुरा लेख्न सम्भव छैन र लेखवद्ध नभएको बेलायतको संविधान पनि पूर्ण रुपमा अलिखित भने अवश्य छैन । अमेरिकाले सन् १७८९ मा जारी गरेको संविधानलाई पहिलो लिखित संविधान मानिन्छ । संविधान तथा नागरिक अधिकारको आधारशिलाको रुपमा बेलायतको सन् १२१५ को म्याग्नाकार्टालाई लिईएता पनि बेलायतमा शासन सञ्चालनको लागि लिखित संविधान निर्माण भएको पाईदैन । त्यसैले अमेरिका, नेपाल, भारतको संविधान लिखित वर्गमा पर्छन् भने बेलायतको संविधान अलिखित वर्गमा पर्दछन् ।

**(ग) एकात्मक र संघात्मक संविधान (Unitary and federal Constitution) -** जुन राष्ट्र केन्द्रको प्रशासनद्वारा प्रशासित हुन्छ त्यस राष्ट्रलाई एकात्मक राष्ट्र र जुन राष्ट्र स्वतन्त्र राज्यको समूहबाट बनेको हुन्छ त्यसलाई संघीय राष्ट्र भनिन्छ । एकात्मक राष्ट्रमा एकात्मक संविधान र संघीय राष्ट्रमा संघीय संविधानको निर्माण हुन्छ । संघीय राष्ट्रमा संघीय संविधान हुनुका साथै सबै राज्यको पनि आ–आफ्नै संविधान हुन्छ ॥ यसको विपरित एकात्मक राष्ट्रमा सम्पूर्ण देशका लागि एकमात्र संविधान हुन्छ र सबै प्रशासनिक इकाइहरू केन्द्रद्वारा शासित हुन्छ । संघीय राज्यमा राष्ट्र सुरक्षा र परराष्ट्र मामिला सम्बन्धी अधिकार केन्द्रमा भै अन्य सबै अधिकार राज्यमा प्रत्यायोजित हुन्छ भने केन्द्रमा चाहिं सबै अधिकार रहेको एकात्मक राज्य हुन्छ ।

**(घ) कठोर र नरमशील संविधान (Rigid and Flexible) -** जुन संविधानमा सजिलैसित संशोधन गर्न

Question Bank Nepal

सकिन्छ त्यसलाई नरम र लचिलो संविधान भनिन्छ। भने जुन संविधानलाई सजिलै संशोधनमा ल्याउन सकिदैंन त्यसलाई कठोर संविधान भनिन्छ। कठोर संविधान संशोधनमा ल्याउँदा विशेष प्रकृया अपनाउनु पर्ने व्यवस्थाको उल्लेख संविधानमा नै गरिएको हुन्छ। आधुनिक जगतमा यी दुवै नभै मिश्रित प्रकृतिको संविधान प्रचलनमा आएको छ जसको केही भाग संशोधन नै गर्न सकिदैंन भने अन्य भाग सजिलै साधारण बहुमतद्वारा संशोधनमा ल्याउन सकिन्छ।

(ङ) **गणतन्त्रतात्मक र राजतन्त्रात्मक संविधान (Republican and Monarchical)** - गणतन्त्रात्मक संविधान अन्तर्गत जनताद्वारा निर्वाचित गरिएका प्रतिनिधिहरूको माध्यमबाट देशको शासन व्यवस्था संचालित हुने प्रावधान राखिएको हुन्छ। गणतन्त्रात्मक संविधान अन्तर्गत स्थानीय निकायदेखि केन्द्रसम्म सबै निर्वाचनद्वारा शक्ति पृथ्वीकरण सिद्धान्तका आधारमा गरिन्छ। यसको ठिक विपरित राजतन्त्रात्मक संविधानमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सम्बन्धी सम्पूर्ण अधिकारहरू राजसंस्था वा राजामा केन्द्रित हुन्छ। राजा स्वेच्छाचारी, निरंकुश तथा तानाशाही हुने सम्भावना प्रवल रहन्छ। राजतन्त्रात्मक संविधान पनि *परम्परागत राजतन्त्रात्मक र संवैधानिक राजतन्त्रात्मक गरी* दुई प्रकारका हुन्छन्।

नेपालको संविधान, २०७२ निर्मित, लिखित, संघात्मक, नरम, लोकतान्त्रिक संविधान हो।

**(५) सकारात्मक विभेदको अर्थ एवम् औचित्यताबारे उल्लेख गर्दै सकारात्मक विभेदका विभिन्न स्वरुप, यसका चुनौती र चुनौती समाधान गर्ने उपायहरु उल्लेख गर्नुहोस्।**

### सकारात्मक विभेदको अर्थ एवं परिचय

सामान्य अर्थमा व्यक्तिहरूका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति जस्ता कुनै पनि आधारमा भेदभाव नगर्नु नै औपचारिक/वास्तविक समानता हो। समानताको अधिकार व्यक्तिको आधारभूत अधिकार हो। असमानहरूलाई समान बनाउने उद्देश्यले कुनै व्यक्ति वा वर्ग विशेषलाई दिइने अस्थायी प्रकारको प्राथमिकता वा छुटलाई सकारात्मक विभेद भनिन्छ। अर्थात् समानताको लागि गरिने असमान व्यवहार नै सकारात्मक विभेद हो।

आज सर्वत्र चर्चाको विषयको रुपमा रहेको समानता औपचारिक समानता नभई सकारात्मक विभेद सहितको समानता अर्थात् सारभूत समानता हो। अर्को शब्दमा भन्नु पर्दा सकारात्मक विभेद (Positive Discrimination) भन्नाले समाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक बञ्चितीकरणमा परेका वर्गलाई राज्यको मूलधारमा ल्याउनको लागि त्यस्ता वर्गलाई छुट्टै अवसरको सिर्जना गर्नुलाई बुझिन्छ।

सकारात्मक विभेद भन्नाले सामान्यतया समाजमा सदियौदेखि चलिआएका असमानता र विभेदलाई अन्त्य गरी बञ्चित गरिएका समुदाय/वर्गलाई त्यस्तो अवसरको सिर्जना गर्नु हो जसले उनीहरूलाई अरू मानिसहरूसँग प्रतिस्पर्धामा उत्रिने आधारहरू दिनुका साथै प्रतिस्पर्धामा उत्रिन योग्य तुल्याउँछ।

सारभूत समानता कायम गर्ने महत्वपूर्ण औजारको रुपमा रहेको सकारात्मक विभेदका प्रमुख सिद्धान्तहरूमा सारभूत समानताको सिद्धान्त, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, राज्यको दायित्व सम्बन्धी सिद्धान्त, समान अवसरको सिद्धान्त तथा सशक्तिकरणको सिद्धान्त प्रमुख मानिन्छन्। राज्यद्वारा प्रदान गरिने यस्तो विशेष संरक्षणको व्यवस्थालाई मुलतः विशेष संरक्षण (Special protection), सकारात्मक विभेद (Positive discrmination), सकारात्मक कारवाही (Affirmative action), परिपूरण सम्बन्धी कार्य (Compensatory action), आरक्षण (Reservation) जस्ता विभिन्न उपायबाट प्रचलनमा ल्याएको पाइन्छ।

नेपालमा सकारात्मक विभेद र आरक्षण शब्द बढी प्रचलनमा रहेको पाईन्छ। नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलोपटक राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक रूपले पछाडि परेका वर्ग र समुदायको शासन प्रक्रियामा सहभागिता सुनिश्चित गर्नका लागि सकारात्मक विभेद (positive discrimination) को अवधारणा अंगीकार गरेको थियो भने वर्तमान संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रको रूपमा परिभाषित गर्दै समावेशी संघीय राज्यको रूपमा घोषणा गरेको छ।

### सकारात्मक विभेदको महत्व एवम् औचित्यता

सकारात्मक विभेद भन्नाले राज्यका सुविधा सम्पन्न र सुविधाबाट बञ्चित वर्गबीच विद्यमान विभेदको अन्त्य गरी वास्तविक रुपमा समान तुल्याउन बञ्चितीमा परेका र पारिएका वर्ग वा समुदायलाई समान तहमा पुऱ्याउन अपनाइने विभेदयुक्त पद्दतिलाई बुझिन्छ। सकारात्मक विभेद पद्दतिको शुरुवात संयुक्त राज्य अमेरिकामा अफ्रिकी मूलका

Question Bank Nepal

नागरिकलाई अमेरिकी मूलका नागरिक सरह व्यवहार गर्न समान अवसर भनिने विशेष व्यवस्था लागू गरी गरिएको थियो। सकारात्मक विभेदको महत्व र औचित्यतालाई देहाय बमोजिमका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :–

★ विद्यमान लैङ्गिक, जातीय, वर्गीय दूरी तथा भेदभावको अन्त्य गर्न,
★ पिछडिएका वर्ग तथा क्षेत्रको मनोभावनालाई उच्च राख्न,
★ राष्ट्र निर्माणमा सबै नागरिकको क्षमता र सम्भावनाको समान सहभागिताको अवसर सिर्जना गर्नु,
★ राज्य संरचनामा सबैको समान प्रतिनिधित्व कायम गराउन,
★ ऐतिहासिक रुपमा विभिन्न वर्गमाथि भएका अन्यायको क्षतिपूर्ति दिन,
★ अन्तर्राष्ट्रिय तहमा राज्यले गरेका अनुबन्धहरूको बाचा पूरा गर्न,
★ विभेदकारी सामाजिक संस्कार, मूल्य र मान्यतामा परिवर्तन ल्याउन,
★ वास्तविक समानता हासिल गर्दै समतामूलक र न्यायपूर्ण समाजको स्थापना गर्न,
★ समाजमा विद्यमान सामाजिक, सांस्कृतिक विभेदहरूको अन्त्य गर्न,
★ क्षमता विकास, आरक्षण र सशक्तिकरणको रणनीतिलाई कार्यान्वयनमा ल्याई सारभूत समानता कायम गर्न आदि।

| सकारात्मक विभेदका स्वरुपहरू | |
|---|---|
| (क) आरक्षण (Reservation) | ▫ Disadvantage ग्रुपको पहिचान<br>▫ Marginalized ग्रुपको लागि कोटा निर्धारण<br>▫ Disadvantage/Marginalized ग्रुपहरूको बीचमा सीमित प्रतिस्पर्धा आदि यस अन्तर्गत पर्दछन्। |
| (ख) क्षमता विकास सम्बन्धी कार्यक्रम (Capcity Enforcement related programs) | ▫ क्षमता विकास सम्बन्धी तालिमहरू,<br>▫ क्षमता विकासको लागि विशेष प्याकेजहरू,<br>▫ विभिन्न सशक्तिकरण सम्बन्धी कार्यक्रमहरू यस अन्तर्गत पर्दछन्। |
| (ग) प्राथमिकता (Priority) | ▫ Disadvantange/Marginalized ग्रुपको लागि फरक र विशेष व्यवहार,<br>▫ जातीयता, क्षेत्रीयता, भाषिक तथा लैङ्गिकताको आधारमा प्राथमिकता आदि यस अन्तर्गत पर्दछन्। |
| (घ) अवसरमा सुविधा र सहुलियत प्रदान (Concession on opportunity) | ▫ उमेदको हक नतोक्ने अर्थात् नराख्ने,<br>▫ छनोटका लागि न्युनतम आधारहरू तोक्ने,<br>▫ उम्मेद्वार हुन न्यूनतम योग्यता तोक्ने,<br>▫ सीमित प्रतिस्पर्धाको व्यवस्था गर्ने आदि यस अन्तर्गत पर्दछन्। |
| (ङ) मैत्रीपूर्ण वातावरणको सिर्जना (Creation of friendly environment) | ▫ लक्षित वर्ग मैत्री कार्यक्रमहरू सञ्चालन,<br>▫ लक्षित वर्ग मैत्री नीति एवम् पाठ्यक्रमहरू निर्माण,<br>▫ लक्षित वर्ग मैत्री आदेश निर्देशनहरू जारी आदि यस अन्तर्गत पर्दछन्। |
| (च) लैङ्गिक समता प्रवर्द्धन कार्यक्रम (Gender equity promotion programs) | ▫ लैङ्गिक समतामूलक तालिम कार्यक्रम,<br>▫ लैङ्गिक समताका लागि प्रचारप्रसार,<br>▫ महिला सशक्तिकरण कार्यक्रम आदि यस अन्तर्गत पर्दछन्। |

**सकारात्मक विभेदका चुनौतीहरू**

★ आरक्षण व्यवस्थाको फाइदा टाठाबाठा (Elite) वर्गले मात्र लिई वास्तविक पिछडिएको वर्गको खासै हित नहुने खतरा देखिन्छ।
★ आरक्षणबाट फाइदा लिने वर्ग स्वयंले आफूलाई दोस्रो स्तर एवं रोजाईको व्यक्तिको रुपमा सोची हिनताबोधले ग्रसित हुने गरेको देखिन्छ।
★ समावेशी सिद्धान्त कति वर्षसम्म अर्थात् कति उद्देश्य हासिल नहुँदा सम्म भन्ने बारेमा योजना तथा नीति निर्माण हुन नसक्नु।
★ खास बञ्चितिमा परेका वा पारिएका वर्ग एवं क्षेत्रको गहिराइमा अध्ययन हुन नसक्दा वास्तविक सीमान्तकृत ओभेलमा पर्ने समस्या देखिन्छ।
★ आरक्षण व्यवस्थाले योग्यता प्रणालीलाई नै परास्त गर्दैन ? भन्ने प्रश्न उठ्ने गरेको पाइन्छ।
★ विभिन्न क्षेत्र, वर्ग, लिङ्ग र समुदायलाई स्रोत, साधन र सुविधामा समन्यायिक पहुँचलाई सुनिश्चित गर्ने चुनौती देखिन्छ।

Question Bank Nepal

### चुनौती समाधान गर्ने उपायहरू

- ★ बञ्चितिकरणमा परे पारिएका व्यक्ति, समुदाय र क्षेत्रको स्पष्ट पहिचान गरी तत्काल प्याकेज सहित कार्यक्रम लैजाने,
- ★ आरक्षणको आधारहरूमा केवल जाति, लिंग एवं क्षेत्रलाई मात्र नलिई आर्थिक स्तरलाई पनि आधारको रुपमा लिइनुपर्ने,
- ★ आरक्षण अवधिको निश्चित समयावधि किटान गर्ने,
- ★ एकपटक आरक्षणबाट फाइदा लिइसकेको व्यक्तिलाई पुनः त्यसबाट फाइदा लिनमा रोक लगाउने,
- ★ शिक्षा क्षेत्रमा पनि आरक्षण निश्चित प्रतिशतमा लागू गर्ने,
- ★ सामाजिक विभेद हटाउन चेतनामूलक कार्यक्रम तथा कानुनको कडाइका साथ लागू गर्ने,
- ★ राजनीतिक निकायहरूमा पनि समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने,
- ★ योग्यता प्रणालीलाई परास्त नगर्ने गरी सकारात्मक विभेदको नीतिलाई कार्यान्वयनमा ल्याउने,
- ★ लैङ्गिक बजेट मात्र होइन, सकारात्मक विभेद मैत्री बजेट तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- ★ महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न प्रभावकारी कानुनी न्यायिक तथा संरचनात्मक व्यवस्था गरी कार्यान्वयनमा ल्याउने,
- ★ महिला, दलित तथा अन्य सीमान्तकृत वर्गलाई प्रतिस्पर्धा गर्न सक्ने गरी निःशुल्क सीप तथा तालिमको व्यवस्था गर्ने,

**(६) नेपालको सार्वजनिक सेवा प्रवाहको वर्तमान स्थिती त्यति प्रभावकारी नभएको जनगुनासो बारे स्पष्ट पार्दै यस सन्दर्भमा नेपालको सार्वजनिक सेवा प्रवाहमा गरिनुपर्ने सुधारहरूबारे चर्चा गर्नुहोस् ।**

### नेपालको सार्वजनिक सेवा प्रवाहको वर्तमान स्थिति

नेपालमा केन्द्र देखि स्थानीय तहसम्मका विभिन्न सार्वजनिक निकायहरू सेवाप्रवाह गर्न स्थापित भएको अवस्था छ । निजी क्षेत्र सेवा दिन सक्षम एवं प्रभावकारी रहेको क्षेत्रमा सरकारले हात छोड्दै जानुपर्छ भन्ने उदारवादी अवधारणा विकसित भएको वर्तमान विश्वमा हामीले सार्वजनिक सेवा प्रवाहको जिम्मेवारी र दायित्व किटानी गर्न सकेका छैनौं ।

मन लागेका क्षेत्रमा सरकारले हस्तक्षेप गर्ने र मन नलागेको क्षेत्र निजी क्षेत्रलाई छोडेको देखाउने अस्पष्ट नीतिकै दोसाधमा हालसम्मको सार्वजनिक सेवा प्रवाह हुँदै आएको छ । यसले गर्दा सेवाग्राही मारमा परेका छन् । निजी क्षेत्रको अनियन्त्रित बजार मूल्य र भ्रष्टाचार व्याप्त सरकारी सेवा प्रवाहको चेपुवामा आमनागरिक परेका छन् ।

नेपालमा समय समयमा भएका प्रशासन सुधार सम्बन्धी अध्ययन प्रतिवेदनहरूले अधिकांशतः सेवा सञ्चालनका क्षेत्रमा देहाय बमोजिमका विभिन्न कमी कमजोरीहरू औंल्याएको पाइन्छ, ।

- ★ पुऱ्याएका सेवाहरू जनताले अनुभव गरेका आवश्यकताहरूलाई पूरा गर्न सक्ने किसिमका छैनन् ।
- ★ सेवाहरू लक्षित वर्गमा पुग्न सकेका छैनन् ।
- ★ सेवाहरूको गुणात्मक स्तर सन्तोषजनक छैन ।
- ★ सेवाहरू पुऱ्याउने क्रममा उपलब्ध साधनहरूको कुशल उपयोग हुन सकेको छैन ।
- ★ सेवाका सर्वमान्य मूल्य मान्यताहरू (Values and Norms) प्रवर्द्धन र संस्थागत हुन सकिरहेका छैनन् ।
- ★ सम्पादित अधिकांश कार्यहरू व्यक्तिगत सम्पर्क, चिनजान र भनसुनको आधारमा हुने गरेको छ ।
- ★ सेवा एकातिर आर्थिक रुपले बोझिलो र खर्चिलो छ भने अर्कोतिर न्यून बेतनको स्थितिबाट भ्रष्टाचारतर्फ उन्मुख रहेको छ आदि ।

निष्कर्षमा, नेपालको वर्तमान सार्वजनिक सेवाप्रवाहको सर्सर्ती आँकलन गर्दा जनताको वरिपरी सेवा हुनुपर्नेमा सेवाको वरिपरी जनता पुग्नु पर्ने अवस्था छ । एउटै काम २ वा २ भन्दा बढी निकायबाट हुने गरेको, कामका लागि समन्वयात्मक व्यवस्थाको उपयोग कम हुने गरेको, सेवाप्रदायक र सेवाप्रापकका बीचमा उत्तरदायित्वको अभाव, सेवाको गुणस्तर मापन गर्ने र प्रतिवेदन गर्ने अवस्थाको अनिश्चितता, पुनरावेदन पद्धति कमजोर, सेवाप्रदायक संस्था ( व्यक्ति) का लागि स्रोत र साधनको कमीजस्ता टड्कारो देख्न सकिने समस्याहरू रहे पनि तिनको समाधान गर्न नसकिएको स्थितीले गर्दा नेपालको वर्तमान सार्वजनिक सेवा प्रवाह त्यति प्रभावकारी नभएको स्पष्ट नै हुनजान्छ ।

### नेपालको सन्दर्भमा सार्वजनिक सेवा प्रवाहमा गरिनुपर्ने सुधार

सरकारी निकायहरूबाट प्रवाहित हुने सुविधा छिटो, छरितो, सरल र गुणस्तरयुक्त रुपमा पाउनु नागरिकहरूको अधिकार हो र प्रजातान्त्रिक व्यवस्थाको मर्म हो । विकासको प्रतिफल लक्षित वर्गसम्म पुऱ्याउनु र सरकारी सेवा सुविधा जसलाई सबैभन्दा बढी आवश्यक छ त्यहीं पुऱ्याउनु सरकारको नैतिक जिम्मेवारी र वैधानिक दायित्व पनि हो ,। सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा सुधार गर्नुपर्ने प्रमुख पक्षहरू देहायबमोजिम उल्लेख गर्न सकिन्छ :–

Question Bank Nepal

**(क) नीतिगत क्षेत्र**

१. नीतिगत स्पष्टता र पारदर्शिता
२. नीति निरन्तरता र स्थायित्व
३. विकेन्द्रित निकायद्वारा सेवा प्रवाह

**(ख) संस्थागत र संरचनागत क्षेत्र**

१. संस्थागत पुनसंरचना
२. वितरण प्रणालीको नक्साँकन
३. संस्थान सुदृढिकरण
४. प्रविधिको उपयोग
५. आपतकालीन सेवा व्यवस्थापन

**(ग) कार्यविधिगत र प्रक्रियागत क्षेत्र**

१. निर्णय प्रक्रियामा सरलीकरण
२. सेवा प्रवाह सम्बन्धी कार्यविधि
३. सेवाको सुनिश्चितता
४. सूचनाको हक तथा पारदर्शिता
५. सहभागिता अभिवृद्धि
६. गुणस्तरीयता

**(घ) व्यवहारगत क्षेत्र**

१. जनशक्ति तालिम
२. प्रोत्साहन प्रणालीको उपयोग
३. असल अभ्यासको पुनरावृत्ति
४. हार्दिकता प्रकट
५. अपाङ्गता भएका व्यक्तिका लागि उचित व्यवस्था

अन्त्यमा, हाम्रो जस्तो अल्पविकसित मुलुकमा "गरिबी, पछौटेपन र विभेद" नै सेवाप्रवाहको प्रमुख लक्ष्य र गन्तव्यको दिशा हुनुपर्छ । यस दिशामा निर्देशित नीति, कार्यक्रम पनि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ राज्य लगायतका सबै पक्षहरू सदैव अग्रसर हुनु पर्दछ । तव मात्र सार्वजनिक सेवा प्रवाह लाई प्रभावकारी बनाउन सकिन्छ ।

**(७) सार्वजनिक जवाफदेहिता/उत्तरदायित्व भन्नाले के बुझिन्छ ? सुशासनका लागि सार्वजनिक उत्तरदायित्वको महत्व माथी प्रकाश पार्दै सार्वजनिक उत्तरदायित्वलाई साकार पार्न अवलम्बन गर्नुपर्ने उपायहरू औंल्याउनुहोस् ।**

### सार्वजनिक जवाफदेहिता/उत्तरदायित्व

सार्वजनिक चासोका विषयमा सार्वजनिक पद धारण गर्ने व्यक्तिले आफ्नो काम वा जिम्मेवारीका बारेमा दिने सार्वजनिक स्पष्टीकरण वा जवाफलाई नै सार्वजनिक उत्तरदायित्व भन्ने बुझिन्छ ।

सार्वजनिक उत्तरदायित्वको कुरा सार्वजनिक क्षेत्रमा लागू हुने भएकोले स्पष्टीकरण दिनुपर्ने व्यक्तिले सार्वजनिक पद वा भूमिका सम्हालेको हुनुपर्दछ । र सार्वजनिक जिम्मेवारी सम्हालेको व्यक्तिले आफ्नो जिम्मेवारी पूरा नगरेको कतिपय अवस्थामा सजायको भागी पनि हुनैपर्ने हुन्छ ।

जनताप्रति उत्तरदायी सरकार भएको मुलुकमा सार्वजनिक उत्तरदायित्वका सन्दर्भमा सरकार निकै सम्वेदनशील हुनुपर्दछ । कुनै राष्ट्र कति लोकतान्त्रिक छ, भन्ने कुरा त्यहाँको सार्वजनिक उत्तरदायित्वको अवस्थालाई हेरेर निक्यौंल गर्न सकिन्छ । समग्रमा सार्वजनिक उत्तरदायित्वसँग देहायअनुसारका विषय जोडिएका हुन्छन् –

- ★ सार्वजनिक पद वा भूमिका सम्हालेका व्यक्ति, समूह वा संगठन,
- ★ सार्वजनिक चासो र हित गाँसिएको काम, कर्तव्य, अधिकार, दायित्व, भूमिका, आचरण वा गतिविधि,
- ★ अपेक्षित कार्यसम्पादन तथा सोको नतिजा वा क्रियाकलाप,
- ★ सर्वसाधारण वा सम्बद्ध पक्षको चासो, अनुभूति, दृष्टिकोण, वा निष्कर्ष,
- ★ ती निष्कर्षसँग सम्बन्धित प्रश्न गुनासो, सिकायत वा उजुरी र
- ★ सो उजुरीको चित्त बुझ्दो र इमान्दारीपूर्ण जवाफ जसले प्रश्न र गुनासोलाई सन्तुष्ट बनाउन सकोस् ।

निष्कर्षमा भन्दा आफ्नो भूमिका निर्वाहका सम्बन्धमा सार्वजनिक रुपमा जवाफ दिनुपर्ने र जिम्मेवार हुनुपर्ने व्यवस्थालाई सार्वजनिक उत्तरदायित्व भनिन्छ । सार्वजनिक उत्तरदायित्वको व्यवस्था नभएको सार्वजनिक पद निजी पदजस्तो हुने भएकोले दुरुपयोग हुने प्रचुर सम्भावना रहन्छ, त्यसैले भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासनलाई बढावा दिन सार्वजनिक उत्तरदायित्व एक अत्यावश्यक पूर्वशर्त हो ।

### सुशासनका लागि सार्वजनिक उत्तरदायित्वको महत्व

सार्वजनिक उत्तरदायित्वको परिभाषाबाट नै यसको महत्वको बारेमा सहजै अनुमान लगाउन सकिन्छ । अझ सुशासनका लागि त सार्वजनिक उत्तरदायित्व पूर्व शर्त नै हो भन्ने गरिन्छ । अर्थात् सार्वजनिक उत्तरदायित्व बिनाको शासन व्यवस्था लोकतान्त्रिक एवम् असल हुन सक्दैन, त्यसैले सुशासनका लागि सार्वजनिक उत्तरदायित्वको आवश्यकता तथा महत्वलाई देहाय बमोजिम व्यक्त गर्न सकिन्छ –

- ★ जब उत्तरदायित्व हुँदैन अथवा आफ्नो कामको स्पष्टीकरण दिनुपर्दैन अर्थात् गल्ती गर्दा पनि सजाय हुँदैन भने मानिसले इमानदारीपूर्वक काम गर्दैन, त्यहाँ पक्षपात, नातावाद र शोषण हुने सम्भावना रहन्छ । जुन



Question Bank Nepal

असल शासनका शत्रुहरू हुन् । त्यसैले सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आफ्नो पदीय दायित्व प्रति संवेदनशील प्रतिबद्ध एवम् पारदर्शी बनाई सेवाग्राहीलाई सम्मानपूर्वक सेवा प्राप्त गर्ने वातावरणको सिर्जना गर्न सार्वजनिक उत्तरदायित्व आवश्यक हुन्छ ।

★ सार्वजनिक उत्तरदायित्वले स्थान पाएको देशहरूमा सरकार जनताप्रति संवेदनशील रहने, असल शासन कायम हुने, सामाजिक, आर्थिक, एवम् राजनीतिक संस्कार परिमार्जित हुने र आधुनिकीकरणको प्रक्रिया तीव्र हुने हुनाले यसको आवश्यकता एवम् महत्व रहेको छ ।

★ लोकतन्त्रले मात्र राष्ट्रको हित गर्न सक्छ र व्यक्तिगत चाहना एवम् आकांक्षा पूरा गर्न सक्छ भन्ने मान्यता स्थापित भइसकेको अवस्थामा सार्वजनिक उत्तरदायित्वको उपयुक्त व्यवस्था नभई प्रजातन्त्र फस्टाउन नसक्ने हुनाले सुशासनका लागि यसको आवश्यकता पर्दछ ।

★ जनउत्तरदायी हुन नसकेको राष्ट्र आर्थिक, सामाजिक, राजनैतिक सबैजस्तो क्षेत्रमा पछाडि परेको देखिन्छ । त्यसैलें राष्ट्रको समुन्नत आर्थिक विकास गरी जनमानसमा आफ्नो उच्च छवी बनाउन पनि सार्वजनिक उत्तरदायित्व आवश्यक छ ।

★ आफ्ना गतिविधिहरूमा पारदर्शिता कायम गरी अन्तर्राष्ट्रिय संघसंस्थाको मन जिती सहयोग प्राप्त गर्न पनि सार्वजनिक उत्तरदायित्वको महत्वपूर्ण स्थान रहन्छ ।

★ सुशासनमा सरकारले जनतालाई सुसूचित गर्ने, जवाफ वा स्पष्टीकरण दिने र कुनै पनि मुद्दामा आफ्नो स्थिति स्पष्ट गर्नुपर्ने अवस्था परिरहन्छ, जुन सार्वजनिक उत्तरदायित्व बहनबाट मात्र सम्भव छ ।

★ जनताप्रति उत्तरदायित्वको भावनाले मात्र सरकारको इमान्दारी पुष्टि हुन्छ र यहि इमान्दारीको कारणले बहुक्षेत्रीय प्रतिस्पर्धामा सरकार खरो उत्रन सक्छ ।

**सार्वजनिक उत्तरदायित्वको लागि अवलम्बन गर्नुपर्ने उपायहरू**

विश्वमा जस्तै नेपालमा पनि सार्वजनिक काम कारबाही सम्बन्धी सूचनाहरू गोप्य नराखी पारदर्शी बनाइनुपर्दछ र देशमा बढ्दै गएको अराजक संस्कृति र भ्रष्टाचारलाई रोक्न हरेक सार्वजनिक पदधारण गरेका व्यक्तिहरू आफ्नो कार्य, जिम्मेवारी र भूमिका प्रति सार्वजनिक रुपमा नै उत्तरदायी हुनुपर्ने अवधारणाको क्रमशः विकास हुँदै गएको छ । तथापि सार्वजनिक उत्तरदायित्व सम्बन्धमा कतिपय कमजोरी र अन्यौलको अवस्था पनि नरहेको भने होइन । त्यसैले सार्वजनिक उत्तरदायित्वलाई साकार पार्न निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ –

★ परम्परागत कर्मचारीतन्त्रको साटो नवीन सार्वजनिक व्यवस्थापन पद्दति अवलम्बन गर्नुपर्ने,

★ परम्परागत पदसोपानमा आधारित संगठन संरचनाको सट्टा लचिलो रुपको Flat organization structure लागू गर्ने,

★ प्रत्येक पदको कार्य विवरण र स्रोत साधन सहित निर्णय प्रक्रियामा स्वायत्तता प्रदान गर्ने,

★ प्रत्येक पदको निश्चित लक्ष्य निर्धारण गरी प्रक्रियामा भन्दा परिणाममा जोड दिने,

★ राजनीतिक र प्रशासनिक जवाफदेहितामा स्पष्टता कायम गर्ने,

★ सूचनाको हकलाई प्रभावकारी बनाउने,

★ स्पष्ट कार्यप्रक्रिया र सार्वजनिक सेवा वडापत्रको प्रभावकारी कार्यान्वियन गर्ने,

★ खुला सूचना प्रवाह नीतिको अवलम्बन गरी सार्वजनिक सुनुवाईमा प्रभावकारिता ल्याउने,

★ कार्यसम्पादन मापदण्ड र सूचकको निर्धारण गरी सोमा आधारित वैज्ञानिक कार्यसम्पादन मूल्यांकन पद्दति लागू गर्ने,

★ सामाजिक मूल्य मान्यता र पेसागत आचारसंहितको प्रभावकारी कार्यान्वियन र अनुगमन गर्ने,

★ प्रभावकारी र खोजमूलक पत्रकारिताको विकास हुनुपर्ने,

★ नागरिक सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गरी नागरिक सचेतनामा जोड दिनुपर्ने आदि ।

अन्त्यमा सरकारले गर्ने नीति निर्माण र निर्णयहरूमा नागरिकको सक्रिय सहभागिता र संलग्नता रह्यो भने सार्वजनिक प्रशासनमा पारदर्शिता र सार्वजनिक उत्तरदायित्व निर्वाह हुन सक्दछ । तर परम्परागत पदसोपानमा आधारित संगठन संरचनाका विधिमा आधारित सार्वजनिक प्रशासनमा व्यक्तिगत र प्रत्यक्ष प्रकृतिको उत्तरदायित्व सम्भव हुँदैन । यसै चरित्रको कारण सार्वजनिक प्रशासनको औचित्यमाथि नै चुनौती सिर्जना हुन थालेपछि निजामती सेवालाई सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, सम्भव हुने क्षेत्रको पहिचान गरी सहभागिता, सूचनामा सहज पहुँच, कानूनको शासन, प्रजातान्त्रिक मूल्य र मान्यताको स्थापना, नागरिक सचेतनामा बढोत्तरी जस्ता पक्षहरूमा जोड दिई प्रक्रियामा पारदर्शिता र कार्यविधिप्रति सार्वजनिक उत्तरदायित्वलाई संस्थागत रुपमा विकास गर्न सकिन्छ ।

Question Bank Nepal

**(८) आर्थिक अनुशासन भन्नाले के बुझिन्छ ? आर्थिक अनुशासनका मुलभूत तत्वहरू उल्लेख गर्दै नेपाल सरकारले आर्थिक अनुशासन कायम गर्नका लागि व्यवस्था गरेका उपायहरू लेख्नुहोस् ।**

**आर्थिक अनुशासनको परिचय**

*"सार्वजनिक कोषको व्यवस्थापनमा सदुपयोग, सदाचार र नैतिकता कायम गर्नु नै आर्थिक अनुशासन हो ।"*

आर्थिक अनुशासन सार्वजनिक, निजी एवम् व्यक्तिगत जीवनका सबै क्षेत्रसँग सम्बन्धित भएता पनि आर्थिक अनुशासन शब्दले सार्वजनिक कोषको परिचालन एवम् उपयोगको क्रममा अपनाउनुपर्ने अनुशासनलाई जनाउँछ । जनताले तिरेको कर एवम् अन्य माध्यमबाट प्राप्त सार्वजनिक कोषको उपयोग सीमित वर्ग एवम् व्यक्तिको निहित स्वार्थको लागि प्रयोग हुनबाट रोक्नु नै सामान्य अर्थमा आर्थिक अनुशासन कायम राख्नु हो । समग्रमा आर्थिक अनुशासन भन्नाले सार्वजनिक आय कोषको) प्राप्ति, परिचालन, एवम् उपयोगमा सदाचार एवम् नैतिकताको अवस्थामा विद्यमान रहनु हो ।

| आर्थिक अनुशासनका मूल तत्वहरू | |
|---|---|
| ◻ स्पष्ट कानून र कार्यविधि | ◻ व्यवसायिक र प्रतिबद्ध नेतृत्व |
| ◻ पारदर्शिता र पहुँच | ◻ उत्तरदायित्वका संयन्त्रहरू |
| ◻ दण्ड र पुरस्कारको व्यवस्था | ◻ लेखापरीक्षण र सार्वजनिक सुनुवाई |
| ◻ आचारसंहिताको प्रयोग | ◻ बेरुजु फछ्र्यौटको व्यवस्था |
| ◻ वित्तीय सूचना प्रणाली | ◻ पृष्ठपोषणको प्रभावकारी व्यवस्था |
| ◻ अनुगमन तथा मूल्यांकन | |

**आर्थिक अनुशासन कायम गर्नका लागि गरेका व्यवस्था**

१. ***नीतिगत व्यवस्थाहरू :***

(क) नेपालको संविधानको भाग १० मा संघीय आर्थिक कार्य प्रणाली, भाग १६ मा प्रदेश आर्थिक कार्य प्रणाली र भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था ।

(ख) भ्रष्टाचार निवारण ऐन, २०५९ : कसुरको परिभाषा, दण्ड, जरिवाना, सजायको व्यवस्था ।

(ग) निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५

(घ) आर्थिक कार्यविधि ऐन, २०५५ : आर्थिक व्यवस्थापन गर्दा अपनाउनुपर्ने प्रक्रिया ।

(ङ) आर्थिक कार्यविधि नियमावली, २०६४ : ऐनको विस्तृतीकरण र प्रष्टता ।

(च) भ्रष्टाचार निवारण रणनीति, २०६० : सार्वजनिक पदाधिकारीबाट अनुशासनको उपेक्षा ।

(छ) सार्वजनिक खरिद ऐन, २०६३ : खरिद र निर्माण प्रक्रियालाई प्रष्ट पारिएको ।

(ज) सार्वजनिक खरिद नियमावली, २०६४ : खरिद निर्माण कार्य व्यवस्थित गरिएको

(झ) भ्रमण खर्च नियमावली, २०६४

(ञ) लेखापरीक्षण ऐन, २०४८

(ट) निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०

(ठ) प्रत्येक सरकारी कार्यालयले मासिक खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था ।

(ड) निर्धारित लक्ष्य बमोजिम बेरुजु फछ्र्यौट गर्ने र बेरुजु हुने गरी खर्च नगर्ने जिम्मेवार पदाधिकारीलाई पुरस्कार तथा सो बमोजिम नगर्नेलाई दण्डको व्यवस्था

(ढ) नागरिक बडापत्र लागू, भ्रष्टाचार विरुद्धको महासन्धि, २००३ मा हस्ताक्षर

२. ***संस्थागत व्यवस्थाहरू :***

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग

(ख) राष्ट्रिय सर्तकर्ता केन्द्र

(ग) सार्वजनिक खरिद अनुगमन कार्यालय

(घ) महालेखा परीक्षकको विभाग

(ङ) महालेखा नियन्त्रक कार्यालय

(च) लेखापरीक्षण अधिकृत

(छ) संसदीय समितिहरु

(ज) विशेष अदालत

(झ) महालेखा परीक्षकको कार्यालय

(ञ) सार्वजनिक सञ्चार माध्यम र स्थानीय जनसमुदाय समक्ष सार्वजनिक सुनुवाइको व्यवस्था ।

अन्त्यमा, आर्थिक अनुशासन व्यापक विषय हो । यसका लागि बहु उपायहरू अपनाउनु पर्दछ । राज्य, राजनीतिक दल र नागरिक समाजको सक्रियातामा यसलाई सार्थक तुल्याउन बढी सहज हुनेछ ।

**(९) बजेट भन्नाले के बुझ्नुहुन्छ ? बजेटका मूलभूत उद्देश्य र कार्यहरू के-के हुन् ? उल्लेख गर्दै वर्तमान संविधानमा व्यवस्था भएअनुसार राजस्व र व्ययको अनुमान गरी व्यवस्थापिका-संसदमा बजेट प्रस्तुत गर्दा कुन-कुन बुँदाहरू समावेश गरिन्छ ? प्रष्ट पार्नुहोस् ।**

**बजेट (Budget)**

'निर्दिष्ट अवधिको आय र व्ययको अनुमान हो बजेट ।'

*"In the hand of administration a Budget is a*

Question Bank Nepal

*record of past performance, a method of current control and projection of future plan" - Dr. Dimuk*

सामान्यतया बजेट भन्नाले निश्चितकालको निमित्त सरकारको आर्थिक योजना भन्ने बुझ्नुपर्ने हुन्छ। जसमा आगामी वर्षको आय व्ययको अग्रिम अनुमान प्रस्तुत हुन्छ।व्यापक अर्थमा भन्नुपर्दा यो सरकारको विगत र वर्तमान आर्थिक अवस्थाको मूल्यांकनका आधारमा आगामी वर्ष गरिने कार्यक्रमहरूका लागि लाग्ने अनुमानित खर्च र सो खर्च जुटाउने स्रोतहरूको अनुमान पनि हो।

बजेट मुलुकको वित्तीय ऐना हो यसमा सामाजिक आवश्यकता, राजनीतिक प्राथमिकता र समष्टीगत आर्थिक अवस्था देख्न सकिन्छ। अर्थात् सरकारको वित्तीय नीतिको प्रभावकारी माध्यमका रुपमा पनि बजेटलाई लिइछ। जसले देशको आर्थिक अवस्थाको जानकारी दिँदै सीमित साधनको महत्तम उपयोग सुनिश्चित गर्दछ, आर्थिक स्थिरता कायम गर्न सघाउँछ र जिम्मेवारीबोध गराउँदै व्यवस्थित रुपमा योजना कार्यान्वयन गराउँछ।

बजेटका विभिन्न बुझाई र आयामहरू रहेका हुन्छन्। जस्तोकी सर्वसाधारणले योजना/कार्यक्रम (सार्वजनिक सेवा) का रुपमा, विधायकले सार्वजनिक साधन माथि नियन्त्रणका रुपमा, अर्थ मन्त्रालयले अन्य निकाय माथि नियन्त्रणको शक्तिशाली हतियारका रुपमा, विषयगत मन्त्रालयले खर्च गर्ने अख्तियारीका रुपमा, योजना बनाउने निकायले रणनीतिक प्राथमिकतामा साधन विनियोजनका रुपमा, कर्मचारीले Record of past performance, method of current control & projection of future plan का रुपमा, अर्थशास्त्रीले आर्थिक विश्लेषणको आधारको रुपमा, नागरिक समाजले वित्तीय जवाफदेहिताको आधारको रुपमा अनि विकास साझेदारले सरकारको नीति सामर्थ्य र खर्च गुणस्तरको रुपमा बुझ्ने गरेको पाईन्छ।

निष्कर्षमा, बजेट भनेको अल्पकालीन योजना हो, जसमा आगामी वर्ष सरकारले कुन कुन क्षेत्रमा प्राथमिकता दिई विकासका कार्यक्रमहरू सञ्चालन गर्न लागेको छ तथा त्यस्ता खर्च जुटाउने स्रोतका रूपमा रहेको करको व्यवस्थापन कसरी गर्न खोजेको छ भन्ने स्पष्ट गरिएको हुन्छ।

**बजेटका मूलभूत उद्देश्य र कार्यहरू**

बजेट मुलुकको सामाजिक आवश्यकता, राजनीतिक प्राथमिकता र समष्टीगत आर्थिक अवस्था देख्न सकिने मुलुकको वित्तीय ऐनाको रुपमा रहन्छ। यसका मूलभूत उद्देश्य र कार्यहरूलाई देहायको तालिकामा उल्लेख गर्न सकिन्छ –

| बजेटका उद्देश्यहरू | बजेटका कार्यहरू |
|---|---|
| ▫ साधनको विनियोजन गर्नु | ▫ सार्वजनिक कोषको उपयोग गर्ने |
| ▫ सरकारलाई मार्गदर्शन गर्नु | ▫ वार्षिक कार्यक्रम सार्वजनिक गर्ने |
| ▫ वित्तीय नीति कार्यान्वयन गर्नु | ▫ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने |
| ▫ आर्थिक अवस्थाको जानकारी दिनु, | ▫ आम्दानी र खर्चलाई वैधानिकता दिने |
| ▫ अधिकतम् उपलब्धी हासिल गर्नु | ▫ आर्थिक जिम्मेवारी निश्चित गर्ने। |

**व्यवस्थापिकामा बजेट प्रस्तुत गर्दा समावेश गरिने बुँदाहरू**

नेपालको संविधान, २०७२ को भाग–१० को धारा ११९ मा संघीय व्यवस्थापीका संसदमा आयव्ययको अनुमान अर्थात् बजेट प्रस्तुत गर्दा संघीय अर्थमन्त्रीले देहायका बुँदाहरू समावेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

(क) राजस्वको अनुमान,

(ख) संघीय संचित कोष माथि व्ययभार हुने आवश्यक रकमहरू,

(ग) संघीय विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमहरू,

(घ) अघिल्लो आ.व.मा प्रत्येक मन्त्रालयलाई छुट्टाइएको खर्चको रकम,

(ङ) छुट्टाइएको मन्त्रालयगत खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण।

यहाँ स्मरणीय छ की वर्तमान संविधानको भाग १६ धारा २०७ मा समेत प्रदेशको बजेट सम्बन्धमा यस्तै व्यवस्था गरिएको पाइन्छ। यसबाट के स्पष्ट हुन्छ भने व्यवस्थापिका संसद समक्ष अर्थमन्त्रीद्वारा प्रस्तुत गरिने माथी उल्लेखित कुरामा समेत खुलाइएको आर्थिक दस्तावेज नै राजस्व र व्ययको अनुमान अर्थात् बजेट हो। तसर्थ माथि उल्लेखित विषयवस्तु विना बजेट निर्माण पूरा हुँदैन भन्न सकिन्छ।

**राजस्व र व्ययको अनुमान (धारा २०७):**

(१) प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष देहायका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्नेछ :-

(क) राजस्वको अनुमान,

(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो



Question Bank Nepal

आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ।

**(१०) दोहोरो लेखा प्रणालीको भन्नाले के बुझिन्छ ? नेपालको वर्तमान सरकारी लेखा (स्रेस्ता) को उद्देश्य तथा महत्व उल्लेख गर्दै वित्तीय लेखा र व्यवस्थापन लेखा बीच के के भिन्नता रहेको पाउनुहुन्छ। लेख्नुहोस्।**

### दोहोरो लेखा प्रणाली र नेपालको वर्तमान सरकारी लेखा प्रणाली

प्रत्येक आर्थिक कारोवार गर्दा उक्त कारोवारले दुई पक्षलाई प्रभावित गर्दछ। त्यसैले प्रत्येक आर्थिक कारोवारको दाहोरो प्रभाव पर्ने गरी लेखा अभिलेख तयार गर्ने पद्धती नै दाहोरो लेखा प्रणाली हो। यो वैज्ञानिक,प्रमाणिक र व्यवहारिक लेखा प्रणाली मानिन्छ। यसमा प्राप्त गर्ने पक्ष डेबिट हुन्छ भने गुमाउने पक्ष क्रेडिट हुन्छ। दुवै पक्ष बराबर प्रभावित हुने हुँदा डेबिट क्रेडिट मौज्दात बरावर हुन्छ। नेपालको सरकारी लेखाप्रणाली दोहोरो लेखा प्रणालीमा आधारित छ। नेपालमा दाहोरो लेखा प्रणाली वि.सं. २०१८ चैत्र देखि हालसम्म प्रयोगमा आएको छ। सरकारले आर्थिक कारोवार गर्दा उक्त कारोवारले दुई पक्षलाई प्रभावित गर्ने हुँदा नेपालको सरकारी लेखाप्रणाली पनि दोहोरो लेखा प्रणालीमा आधारित रहेर राख्न थालिएको हो। दोहोरो लेखा प्रणालीका फाईदा तथा बेफाइदाहरू देहाय बमोजिम रहेको पाईन्छ।

**दोहोरो लेखा प्रणालीका फाईदाहरु**

- निश्चित अवधीको सरकारी आम्दानी र खर्च नाफा थाहा पाउन सकिने।
- सरकारी आम्दानी र खर्चको आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण गर्न सजिलो हुने।
- सरकारी लेखाप्रणालीले सरकारी योजना, नीति तथा बजेट निर्माणमा मद्दत गर्ने।
- सरकारी वस्तु तथा सम्पत्तिको प्रभावकारी रूपमा संरक्षण गर्न सहयोग पुर्‍याउने।
- सरकारी कारोवारको पूर्ण अभिलेख राखी आर्थिक सुचना उपलब्ध गराउने।
- समस्या समाधान गर्न तथा सही निर्णय निर्माणमा मद्दत पुर्‍याउने।
- दोहोरो लेखाप्रणालीमा आधारित रही लेखा राख्दा सन्तुलन परीक्षण गर्न सजिलो हुने।
- सम्पूर्ण आर्थिक प्रशासनलाई पारदर्शि बनाउने।
- विभिन्न कोषको अवस्था एवं कार्य प्रगति स्पष्ट देखाउने।
- त्रुटी पत्ता लगाउन सजिलो हुने हुँदा प्रतिवेदन भरपर्दो हुने आदि।

**दोहोरो लेखा प्रणालीका बेफाइदाहरु**

- दोहोरो लेखाप्रणाली स्रोत र समयका हिसावले खर्चिलो लेखा प्रणाली हो।
- दोहोरो लेखाप्रणाली कार्यविधिका हिसावले जटिल लेखा प्रणाली हो।
- यो लेखा प्रणाली स-साना संस्थाहरूका लागि अनुपयुक्त लेखा प्रणालीका रुपमा रहेको छ।
- दोहोरो लेखाप्रणाली अपनाउदा सन्तुलन परीक्षण मिले पनि पूर्ण शुद्धताको अभाव रहने संभावना रहिरहन्छ।

### नेपालको सरकारी लेखा (स्रेस्ता) को उद्देश्य तथा महत्त्व

Accounting & reporting systems are crucial for budget management, financial accountability and policy decision making.

- ★ वित्तीय विवरण तयार गर्नु,
- ★ वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन गर्नु,
- ★ Assuring Proper use of public money.
- ★ Operational efficiency र results को जानकारी दिनु,
- ★ वित्तीय सूचना उपलब्ध गराई निर्णय प्रक्रियामा सघाउनु,
- ★ सरकारी सम्पत्तिको संरक्षण गर्नु,
- ★ आर्थिक कारोबारलाई व्यवस्थित र पारदर्शी तुल्याउनु,
- ★ बजेट व्यवस्थामा सघाउनु,
- ★ लेखाप्रणालीमा एकरूपता (Uniformity) ल्याउनु,
- ★ आन्तरिक नियन्त्रण, अनुगमन र मूल्यांकनमा सघाउ पुर्‍याउनु,

### वित्तीय लेखा र व्यवस्थापन लेखा बीच भिन्नता

| भिन्नताको आधार | Management accounting | Financial accounting |
|---|---|---|
| परिभाषा | आर्थिक कारोबार पहिचान, मापन र प्रसार गर्ने प्रक्रिया | व्यवस्थापनलाई निर्णयका लागि आवश्यकीय सूचना सृजना गर्ने लेखा व्यवस्था। |
| दायरा | आर्थिक कारोवारमा सीमित | गैरआर्थिक पक्षमा समेत हेर्दछ। |
| सैद्धान्तिक आधार | GAAP मा आधारित | GAAP मा राख्नु जरुरी नपर्ने |
| User of Accounts | खासगरी बाहयपक्ष (Outsider) | आन्तरिक व्यवस्थापन (Internal Mgmt.) |
| सूचनाको प्रकृति | Quantitative | Qualitative + Quantitative |
| कानुनी व्यवस्था | बाध्यात्मक | ऐच्छिक |
| Cost Accounting | समावेश हुँदैन | समावेश हुन्छ। |

Question Bank Nepal